# नेपाल मजदुर-किसान पार्टीको
# निर्वाचन घोषणापत्र-२०५६

मजदुर, किसान, बुद्धिजीवी, साहु-महाजन, विभिन्न जाति र वर्गका देशवासी दाजु-भाइ तथा दिदी-बीहनीहरु,

सर्वप्रथम हामी ज्ञात-अज्ञात अमर शहीदहरुमा श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

२०४६ सालको जनआन्दोलनबाट देशमा पुनःस्थापित बहुदलीय व्यवस्था निरंकुश पंचायत व्यवस्था भन्दा केही प्रगतिशील व्यवस्था हो । तर संसदीय व्यवस्था पूंजीवादी व्यवस्था भएकोले शोषणको बन्दोवस्त यथावत र□यो । समग्रमा निरंकुश पंचायतका जनविरोधी नीति नियममा मौलिक परिवर्तन आउने आशा गर्न सकिन्नथ्यो ।

पुनः स्थापित बहुदलीय व्यवस्थामा दुई वटा महानिर्वाचन भइसके र तेश्रो हुन गइरहेको छ । बितेका वर्षहरुमा आधादर्जन सरकारहरु गठन भए तर देश र जनताका समस्याहरु समाधान हुनुको साटो झन जटिल भए वा बनाइए । ॅबेइमानी गर्ने मौका नपाएसम्म इमान्दार भएका□ संख्यात्मकरुपले ठूला र कथित राष्ट्रिय पार्टीहरुको सत्ता लिप्सा, सत्ता संघर्षको क्रममा असंसदीय क्रियाकलाप र बेइमानीको पराकाष्ठा, शुभ-लाभ र अपहरण तथा अराजनीतिक र निकृष्ट गतिविधिले जनतामाझ राजनीति र प्रजातन्त्रप्रति नै वितृष्णा फैलायो । जनप्रतिनिधि भनिएका सांसदहरु बदनाम भए । यस कार्यमा नेकांमात्र होइन ॅकम्युनिष्ट□ ट्रेडमार्क बोकेको एमाले पनि त्यतिकै जिम्मेदार र दोषी छ । यी सबैले राष्ट्रिय जनआन्दोलनको मर्ममा प्रहार गरे । परिणाम, प्रतिगामी र पुनरुत्थानवादीहरुले टाउको उठाउन थाले । यो खतराको संकेत हो तर सत्तामा जाने कथित राष्ट्रिय र प्रजातन्त्रवादी पार्टी र नेताहरु सचेत भएको देखिएन, विकृतीको हदमा पुगेर सत्तापक्ष र प्रमुख प्रतिपक्ष मिलेर सरकार गठन गरे । त्यस्को विरोधमा संसदीय व्यवस्थामा प्राप्त हुने हक- अधिकारलाई प्रयोग गर्दै व्यापक जनतामा राजनैतिक चेतना फैलाउनु आवश्यक छ ।

वीर शहीदहरुको शहादतबाट प्राप्त बहुदलीय प्रजातन्त्र शोषण र वर्ग विहीन समाजको नौलो नेपाल निर्माण गरी कामदार वर्गलाई शासक वर्गको रुपमा उठाउने चौतारो मात्र हो ।

समाजवादी व्यवस्था मात्र कामदार जनताको स्वर्ग (शासन) हुन सक्ने वास्तविकतालाई प्रचार र स्पष्ट गर्न एउटै मन र मस्तिष्क लिएर आगामी महा-निर्वाचनलाई पनि हामी उपयोग गर्दैछौं ।

देशमा संसदीय व्यवस्था पुनःस्थापना पछि गठन भएका सरकार-हरुले देश र जनताका समस्याहरुलाई समाधान गर्नुको साटो बल्झाइ दिएका र जटिल बनाइ दिएका छन् । देशको सार्वभौमिकता र अखण्डताको सुरक्षा गर्न सरकारहरु असफल देखिएका छन् । मेचिदेखि महकालीसम्मका हाम्रा सिमानाहरु मिचिएका छन् । त्यसबारे कुनै सरकारले विस्तारवादी भारत समक्ष ठोस रुपमा आवाज राख्न सकेका छैनन् । देशकै भूभाग कालापानी क्षेत्रमा भारतीय विस्तारवादी फौज तैनाथ हुंदा पनि सत्तामा जाने र बस्नेहरुले कर-बलले एउटा वक्तव्य फालेर वा मन्तव्य दिएर झारा टार्ने काम गरेका छन् । सत्तामा जाने र बस्ने राजनीतिक दलहरु प्रतिपक्षको आवाज र संघर्षलाई समेत दबाएर भारतको आशिवार्द खोज्छन् र सत्तामा टिकी रहने चालबाजी गर्दछन् । यो कार्य राष्ट्रिय जनआन्दोलनको मर्म विपरीत छ, संसदीय व्यवस्थाको मूल्य र मान्यता विरोधी छ । त्यसैको परिणाम आज जनतामा बहुदलीय प्रजातन्त्रप्रति वितृष्णा फैलिएको छ । भारतीय विस्तावादको चाप्लुसी गरेर सत्तामा जाने र बस्ने पार्टीहरुलाई उदाँग्याउनु, तिनीहरुको अपराध र बेइमानीलाई जनतामाझ पुऱ्याउनु प्रत्येक देशभक्त र इमान्दार राजनैतिक दलहरुको परम कर्तव्य हो ।

नदी-नाला राष्ट्रिय सम्पत्ति हो र देश र जनताको हितमा त्यस्को उपयोग र संरक्षण गर्नु सरकारको दायित्व हो । तर सत्तामा जाने र बस्ने कांग्रेस, एमाले, राप्रपा र सद्भावना मिलेर महाकाली सन्धि गरे । देशभक्त प्रतिपक्ष पार्टी र नेताहरुले त्यस सन्धि हुन नदिन सडक र सदनमा संघर्ष गरे र आवाज उठाए ।

एमालेका कार्यकर्ताहरुले नेताहरुलाई थुनेर, नारा लगाएर विरोध गर्दा पनि नेताहरुले राष्ट्रघाती महाकाली सन्धि गरे, त्यसबारे हाकाहाकी झुठो बोलेर भ्रमदिन खोजे । राष्ट्रघाती सन्धि गर्ने र त्यस्का मतियारहरुलाई जनताले आज नभए भोलि सजाय दिनेछ र दिनुपर्छ भन्ने हाम्रो मान्यता छ । राष्ट्रघातीहरुलाई सजाय नदिनुको सोझो अर्थ बांकी नदी-नाला पनि भारतलाई सुम्पने मौका दिनु हो ।

भ्रष्टाचार र महंगीलाई कथित ठूला पार्टीहरुले बहुदलको पर्याय बनाइ दिएका छन् । एक दलको सरकारले भ्रष्टाचार गर्‍यो, महंगी बढायो भनी अर्को दल सत्तामा जान्छ तर त्यस्ले नियन्त्रण र उन्मूलन होइन झन् चर्को रुपमा बढाइदिन्छ । विगतका सरकारहरुको निचोड यही हो । राजनीतिक भ्रष्टाचारले देशका हरेक क्षेत्रमा जरा हालेको छ । राजनीतिले अपराधीहरुलाई होइन अपराधीहरुले राजनीतिलाई खेलाउन थालेका छन् ।

देश र जनताको सेवामा निस्वार्थ रुपले समर्पित हुनु पर्ने जनप्रतिनिधिहरु वा सांसदहरु आफ्नो पार्टी सत्तामा भएको वा प्रमुख प्रतिपक्षमा भएको डि□ हाँक्दै हरेक प्रकारका अपराधहरुमा संलग्न भए । पजेरो र प्राडो सुविधाले बदनाम भएका सांसदहरु सुत्केरी औषधी, ब्रम्हनालमा सुताउँदा दिइने औषधी (फोर्टुम), केटी बेच्ने, लागू पदार्थ, अश्लिल चलचित्र, रातो राहदानीको दुरुपयोग लगायतका बेइमानी र अपराधले सांसद शब्द गालीको पर्याय बन्ने संभावना छ ।

हरेक सरकारको उपलब्धि नै काण्डहरुको प्रतिस्पर्धा हुन थालेको छ- धमिजा काण्ड, मल काण्ड, एल. सी. काण्डदेखि चेज एअर काण्डसम्म यसैका प्रमाण हुन् ।

राष्ट्रघाती सन्धि गर्ने, विदेशी फौजलाई हटाउन नसक्ने, भ्रष्टाचार र महंगीको मौका छोप्ने, अधिकारको दुरुपयोग गरी काण्डहरु रच्ने कथित ठूला पार्टीका सरकारहरुले ६० प्रतिशत भन्दा बढी गरीबीको रेखामुनिका नेपाली जनताका न्यूनत्तम आवश्यकताका उद्योगहरुलाई निजीकरण गरि-रहेका छन् । १) भृकुटी कागज कारखाना, २) बाँसवारी छाला जुत्ता कारखाना, ३) हरिसिद्धि इँटा टायल कारखाना, ४) नेपाल चलचित्र विकास कम्पनी, ५) नेपाल आयल निगम, ६) बालाजु कपडा उद्योग लि., ७) काँचो छाला संकलन तथा विकास संस्थान, ८) सुर्ती विकास कम्पनी, ९) नेपाल जुट विकास तथा व्यापार कम्पनी, १०) नेपाल फाउण्ड्री इन्डष्ट्री, ११)रघुपति जुट मिल्स, १२) विराटनगर जुट मिल्स, १३) कृषि औजार कारखाना लि., १४) भक्तपुर इँटा कारखाना लि. आदि उद्योगहरु निजीकरण गरिसकिएको र गरिँदै छ । सरकारमा बसेर जनताको आवश्यकता पूर्ति गर्नै पर्ने दायित्वबाट पन्छिन नै निजीकरणमा जोड दिइएको छ । निजी उद्योगले विकास गर्ने तर सरकारी उद्योगले विकास गर्न नसक्ने मानसिकता स्वयं सञ्चालक वा सरकारको नालायकीपनको प्रदर्शन हो ।

निजीकरणको नाममा पूँजीवादी सरकारहरुले अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेका उद्योगहरुलाई एक एक गर्दै नियोजित ढंगमा विदेशी पूँजीको अधीनमा दिइरहेका छन् । यो कार्यले कहिल्यै उपनिवेश नबनेको भनिएको नेपाल विदेशी एकाधिकार पूँजीको नवउपनिवेश बन्दै गइरहेको छ । पुरानो युगमा बलियो देशका सेना र हतियारले अरु देश कब्जा गरी उपनिवेश बनाउँथ्यो भने आजको युगमा अर्थतन्त्रलाई आफ्नो मुठ्ठीमा पारी अधीनमा राख्छ या नवउपनिवेश बनाउँछ । दासत्व स्वीकार गरेर मासु भात खानुभन्दा स्वतन्त्र र स्वाधीन भएर गुन्द्रुक ढिंडोलाई आफ्नो पौरख र स्वाभीमान ठान्ने आम नेपालीहरुको भावना विपरीत सत्तामा जाने पार्टीहरुले व्यवहार गरि-रहेका छन् । तसर्थ जनतासंग प्रतक्ष सरोकार राख्ने उद्योगहरुलाई निजी- करण गरिनु हुँदैन र कुनै पनि उद्योग विदेशी पूँजीको हातमा त दिनै हुँदैन भन्ने हाम्रो अडान छ ।

नेपालको राजनीतिमा र संसदीय व्यवस्थामा दुई ठूला पूँजीवादी पार्टीको तानाशाहीको संभावनालाई सर्वप्रथम नेमकिपाले औंल्याएको थियो । २०५१ को मध्यावधि निर्वाचन पछिको त्रिशंकु संसदमा कांग्रेस र एमालेले पालैपालो शासन गरेर प्रमाणित गरे । साथै सत्तापक्ष र प्रमुख प्रतिपक्ष मिलेर सरकार गठन गरे । निर्वाचन गराउने नाममा भएको यो लोभी पापीहरुको र विश्वासको संकटले गठन भएको सरकार वस्तुतः संसदीय व्यवस्थाको एक चरम विकृति र असंसदीय कार्य हो । भारतका हिमायतीको आरोप लाग्दै आएको र व्यवहारले पुष्टि गर्दै ल्याएको नेकां, एमाले र सद्भावनाको दुई तिहाइको सरकारले भोलि देशको अस्तित्व सामू प्रश्न चिन्ह खडा गर्ने संभावना निराधार छैन । अराजनीतिक, असंसदीय ढंगबाट पनि सत्ता मोह राख्ने यी पार्टीहरुबारे जनतालाई सचेत बनाउनु प्रतिपक्षी पार्टीको हैसियतले नेमकिपाको कर्तव्य हो र यो कर्तव्य निर्वाह गर्दै जाने छ ।

यसरी सत्तामा जाने पूँजीवादी पार्टीहरुले देश र जनताको स्वाभिमानको अवमूल्यन गरेका छन्, राष्ट्रिय जनआन्दोलनको उद्देश्यलाई कुण्ठित पारेका छन्, संसदीय व्यवस्थाको मूल्य र मान्यतालाई उल्लंघन

गरेका छन् । सारमा पुनःस्थापित बहुदलीय प्रजातन्त्रमा विकृति र विसंगतिलाई नियोजित ढंगले भित्र्याइरहेका छन्, जन्माइरहेका छन् । साम्राज्यवाद तथा भारतीय विस्तारवादको पिच्छलग्गु भएका छन् । सत्तामा पुगेर पनि महत्वपूर्ण कर्तव्यपालना गर्न विफल भएका छन् । त्यस्को विरोधमा सडक र सदनमा संघर्षलाई नेमकिपा एक्लैले र अरु वाम पार्टीसंग मिलेर पनि चालू राखेको छ । सचेत मतदाताहरुले विगतमा हामीलाई दिएको विश्वासको मतलाई इमान्दारीपूर्वक आदर र सम्मान गरेका छौं ।

विकृति र विसंगति विरुद्धको संघर्ष लामो छ । त्यही संघर्षलाई  निरन्तरता दिन नेमकिपाले यस निर्वाचनलाई उपयोग गर्दैछ ।

महा-निर्वाचन पनि एक वर्गीय र राजनैतिक संघर्ष हो ।  हरेक   राजनैतिक संघर्ष पनि वर्ग संघर्ष कै परिष्कृत रुप हुने गर्छ । यसकारण महा-निर्वाचनको यस राजनैतिक संघर्षको दबुलीमा हामी देशका तमाम थिचीएका र पिसीएका वर्ग र जातिलाई वर्गीय र राजनैतिक रुपले सचेत र शिक्षित पार्न प्रयत्नशील रहने छौं । प्रजातन्त्र एक फलाको, फेशन र जालसाजी होइन, प्रजातन्त्र सत्तामा बस्ने पार्टी या पार्टीहरुको मनपरीतन्त्र पनि होइन, सिद्धान्ततः प्रजातन्त्र विरोधीहरुको र जनताको मतलाई यथोचित आदर गर्ने, प्रशासन यन्त्र र प्रचार साधनलाई एकहती नगर्ने, पक्षपात नगर्ने र आलोचना सहने जीवनपद्धति हो । हामी त्यही जीवन पद्धतिलाई हरेक गाउँ र झोपडीसम्म पुऱ्याउन निर्वाचनलाई उपयोग गर्दैछौं । प्रजातन्त्र पुनःस्थापनाको त्यस साझा फललाई एउटै पार्टी वा सरकारमा बसेका पार्टीहरुको पेवा र अपुतालिको रुपमा एकहती गर्ने प्रवृति र परम्परालाई जनताको सामुन्ने उदांग्याउन पनि हामीले यस महा-निर्वाचनलाई एउटा उपाय वा माध्यम बनाउँदैछौं ।

प्रजातन्त्र भनेको टाउको गन्ती होइन । यो कुरा बितेका २ वटा महानिर्वाचनले स्पष्ट गरेको छ । पहिलो महानिर्वाचनपछि नेकांको ११० स्थान, दोश्रो महानिर्वाचन पछि एमालेको ८८ स्थानले देश र जनताका कुन समस्या समाधान भए ? विचार, सिद्धान्त र चिन्तनको साटो टाउको गन्तीलाई महत्व दिंदा सांसदहरु भेडाबाखा झैं थुनिए, किन-बेच भए । सिद्धान्त र राजनैतिक नैतिकताले बाँधिएको भए त्यस्तो स्थिति निश्चय पनि आउने थिएन । तर टाउको गन्तिलाई नै प्रजातन्त्र र संसदीय व्यवस्थाको आधार मान्दा भ्रष्ट, पतित, अनैतिक, अपराधी, पार्टी सिद्धान्त र नेता द्रोहीहरुलाई समेत पार्टीले काखी च्याप्नु पऱ्यो, टिकट दिनु पऱ्यो, नाजायज माग सामु आत्मसमर्पण गर्नुपऱ्यो । त्यतिमात्र होइन पंचायतकै पदचिन्हमा लागेर सांसद अपहरण गर्ने र देशमा संकट आएको बेला मन्त्रीलाई विदेश भगाउने काम ठूलो□ पार्टी नेकांले गऱ्यो । उता अर्को विशाल□ पार्टी एमालेले आफ्ना सांसदहरुलाई विरालोले बच्चा सारे झैं सार्नु पऱ्यो, सुरा-सुन्दरी पुऱ्याउनु पऱ्यो, महिला र पुरुष सांसदहरुलाई एउटै कोठामा थुनेर अश्लिल चलचित्रसम्म देखाउनु पऱ्यो, विद्रोही उम्मेदवारलाई स्वागत गर्नु पऱ्यो । एक राजनैतिक पार्टीको निम्ति यी गतिविधि निकै लाजमर्दो र घृणित कुरा हुन् तर पनि संख्याका ठूला□ पार्टीहरुको चेत खुलेको छैन र टाउको गन्तीलाई नै सफलता मानिरहेका छन् ।

यसबाट नेपाली कांग्रेसको प्रजातान्त्रिक समाजवाद□ र कम्युनिष्ट□ ट्रेडमार्क बोकेको एमालेको बहुदलीय जनवादको तुलनामा नेपाल मजदुर-किसान पार्टीको राजनैतिक नैतिकता र दृढ अडान निक्कै उत्कृष्ट प्रमाणित भएको छ ।

हो, यस पूँजीवादी प्रजातन्त्र निश्चय पनि पूर्ण छैन न त पूँजीवादी व्यवस्थामा निर्वाचन नै निष्पक्ष हुने गर्छ । क्षेत्र विभाजनमा पक्षपात, प्रचार कार्यमा पैसा र साधनको छेलोखेलो, जातपात, साम्प्रदायिकता, धर्म र क्षेत्रिय भावनाको प्रचार अनि मतदानमा हुने धन, पशुबल, प्रशासनिक पक्षपात, जालसाझी, किनबेच र झिलिमिली आदिले निर्वाचन परिणाम निष्पक्ष र थिचिएका र पिसिएका जाति तथा वर्गका जनताको पक्षमा नहुन सक्छ । तर त्यसता अनेक जालसाझी, पक्षपात एवं मनपरीतन्त्रबाट जनतालाई व्यावहारिक रुपले नै सजग र शिक्षित पार्दै लानु आवश्यक छ । ३ प्रतिशत मतको प्रश्न, संसद सदस्यहरुको संख्या र मतदाताको संख्याबाट वर्ग संघर्ष, राजनैतिक संघर्ष तथा सैद्धान्तिक र राष्ट्रिय दृष्टिकोणलाई नाप्ने गरिंदैन । किनभने २/३ (दुई तिहाई) संसद सदस्य विजयी भएका पार्टीहरु र वर्षौंसम्म सत्तामा बसेका पार्टीहरु समेत जनताको एउटै आन्दोलन र संघर्षले उल्टेका छन् वा निर्वाचनबाटै फालिएका छन् । त्यस्तै हिजोसम्म देखा नपरेका वा चानचुन सम्झिएका पार्टीहरु समेत राष्ट्रिय चिन्तन र दृष्टिकोणले राष्ट्रिय□ पार्टी मात्रै होइन शासक दलका रुपमा गणना भएका घटनाहरु पनि नघटेका होइनन् । यसकारण कुनै पार्टीले कति स्थानमा विजय प्राप्त गर्छ वा कुन पार्टीले कति प्रतिशत मत प्राप्त गर्छ भन्नु भन्दा कुन पार्टीले कुन वर्गको पक्ष लिन्छ, कुन

दृष्टिकोणको प्रतिनिधित्व गर्छ, देश र जनताका आधारभूत समस्याहरुलाई कसरी सुल्झाउने उपाय र परिपक्वता देखाउँछ वा देखाउँदैन भन्ने प्रश्न महत्वपूर्ण हुन्छ ।

नेपाल अधिराज्यको संविधान-२०४७ लागू भएपछि यसमा थुप्रै कमी कमजोरी र अप्रजातान्त्रिक धाराहरु समावेश भएको प्रष्ट भै सकेको छ । एउटै घोषणा-पत्र र चुनाव चिन्ह लिएर विजयी भएका व्यक्तिहरुलाई पनि स्वतन्त्र भन्ने छुट दिनुको साथै एउटा संगठित दल, त्यसले जारी गरेको घोषणापत्रको आधारमा प्राप्त मत र निर्वाचित सांसदलाई पनि जर्वजस्ती "स्वतन्त्र" बनाउने बहुदलीय भावना विपरीत र अप्रजातान्त्रिक संविधानका धाराहरु विरुद्ध हामीले राजनैतिक संघर्ष चालू राखेका छौं र केही विजय पनि प्राप्त गरेका छौं ।

आफूलाई प्रजातन्त्रका ठेकेदारहरु दावी गर्ने नेकां र एमाले दलहरु नियोजन गर्न चाहन्छन्, त्यस्को विरुद्ध नेमकिपाले कानूनी संघर्ष गऱ्यो र ३ प्रतिशत आएका वा नआएका सबै पार्टीले, नयाँ स्थापना भएका पार्टीले समेत पार्टीको नाम र घोषणापत्रमा निर्वाचन लड्न पाउने भए । यस विजयबाट बहुदलीय व्यवस्थालाई सार्थक बनाएको छ र यो विजयले नेकां र एमालेको बहुदल विरोधी सोच र दृष्टिकोण उदाँगिएकोछ।

हामीले यस चुनावलाई पहिले जस्तै समाजवाद र क्रान्ति ल्याउने उपाय भन्दा जनतालाई सचेत र शिक्षित पार्ने, हडताल, आन्दोलन र संघर्षको रुपमा लिन्छौं तथा जनताको चेतनास्तर नाप्ने व्यारोमिटर (चापमापक यन्त्र) को रुपमा लिन्छौं । हार-जीत मुख्य कुरा होइन, बरु जनतालाई सकेसम्म आन्दोलित गर्न खोज्नु मुख्य कुरो हो । निर्वाचनप्रति नेपाल मजदुर-किसान पार्टीको ठम्याई यही हो । हाम्रो पार्टी प्रजातन्त्रको नाममा श्रमिक जनतालाई आस-भरोसामा राखेर मुट्ठीभर शोषक वर्गको "स्वर्ग" बनाउने छलछाम गर्दैन बरु जनतालाई पूँजीवादी प्रजातन्त्रको पक्ष र विपक्षबारे बोध गराउन बहुदलीय प्रजातन्त्रको भावना, मूल्य र मान्यता तथा चरित्र विपरीत दुई दलीय पूँजीवादी तानाशाहीको विरोधको संघर्षलाई चालू राख्ने र जनताको प्रजातन्त्रलाई छर्लंग्याउने अठोट गर्छ ।

हाम्रो दिशा निर्देशन नै हाम्रो कार्य

निर्दलीय पंचायती व्यवस्थाको स्थापना संगसंगै त्यसको अत्याचारको विरोधमा हाम्रा कार्यकर्ताहरुले लगातार संघर्ष गरेका थिए । किसानहरुको मोहीयानी हकको सुरक्षाको निम्ति खेत र खलिहानहरुमा, नापी टोली आउँदा, कुत बुझाउँदा, भर्पाइ लिन जाँदा वा बाली भित्र्याउने बाली काट्ने आन्दोलनहरु गर्दा, सहकारी संस्था वा अन्य जिल्ला र ठाउँमा भएका भ्रष्टाचार विरोधी संघर्षहरु गर्दा वा किसानहरुको पक्षमा हुने कुत र व्याजको निम्ति हुने संघर्षमा हामफाल्दा अथवा भोकमरी र मदिरा विरोधी संघर्षहरु देखि देश र विदेशमा भएका विस्तारवाद, साम्राज्यवाद, प्रभुत्ववाद, आक्रमण र थिचोमिचोको विरोध गर्दा हामीले जनतालाई सचेत पार्ने कामहरु गर्दै आएका छौं । मौलिक र राजनैतिक अधिकारहरु वा प्रजातन्त्रलाई पुनःस्थापना गर्नको निम्ति भएको २०३६ साल भाद्र २४ गतेको वामपन्थी आन्दोलन, २०४२ सालको शान्तिपूर्ण वाम आन्दोलन, महंगी विरोधी उपत्यका बन्द, शिक्षक, कर्मचारी र छात्र आन्दोलन, राष्ट्रिय जन-आन्दोलन, संविधान आयोगले निमार्ण गरेको संविधान लागू गराउन २०४७ कार्तिक २० गतेको भक्तपुरदेखि काठमाण्डौसम्मको विशाल पैदल ऱ्याली, टनकपुर र महाकाली जस्तो राष्ट्रघाती सन्धिको विरोधमा भएको संघर्ष, कालापानीबाट विदेशी फौज हटाउने संघर्ष तथा अन्य धेरै स्वतन्त्र र साझा संघर्षहरुमा हाम्रो पार्टी र कार्यकर्ताहरु अग्रपंक्तिमा रहँदै आएका छन् । यस प्रकार देश र जनताको व्यापक हितको निम्ति आफूलाई समर्पण गर्ने भावना नै हाम्रो कार्य दिशा र अठोट हो ।

सबै परिवर्तनवादी पार्टीहरु र मजदुर, किसान, डाक्टर, वकिल, पत्रकार, प्राध्यापक, कर्मचारी, पसले, साहु-महाजन तथा देशका विभिन्न वर्गका जनता एकगठ भई फर्काएको प्रजातन्त्रलाई दुई ठूला भनिने पार्टीहरुले पेवा बनाएका छन् । हाम्रो पार्टी त्यस प्रकारको प्रवृत्तिको सशक्त विरोध गर्दछ ।

प्रजातन्त्रलाई "विधिको शासन" पनि भनिन्छ र त्यसको निम्ति हामी लड्यौं र लड्दै जाने छौं ।

इमान्दारी, नैतिकता, सामाजिक, आर्थिक मूल्य र मान्यताहरु पंचायती कालमा जस्तै झन् झन् झर्दैछन् । नातावाद, कृपावाद अनुचित आर्थिक लोभ र राजनैतिक तथा अन्य बेइमानीले जनता पीडित छन् । पहिलो महा-निर्वाचन पछि गठित नेकाको सरकारदेखि सबै सरकारहरुले तिनै खरावीहरुलाई मलजल गरेको तथ्य भुक्तभोगी जनतामा स्पष्ट छ । हाम्रो पार्टी यस्ता सबै अनैतिकता, बेइमानी, पक्षपात र अनियमितताको विरोधमा संघर्ष गर्छ र त्यसको दोषहरुलाई उदांग्याउँछ ।

प्रजातन्त्र र समाजवाद देखाउने दाँत होइन बरु जीवन पद्धति र व्यवहार हो । प्रजातन्त्र भनेको सरकारमा बढ्दै गएको महंगी, प्रशासनिक अराजकता र विरोधी पक्षको आवाज नसुन्ने सत्ताको मातलगाई होइन, न त समाजवाद भनेको हरेक व्यक्तिको अलग अलग गाई-गोठ, चर्खा, पाठशाला र अस्पताल हुनु हो । आज प्रजातन्त्र भनेको थिचिएका र पिसिएका अत्यन्त बहुमत जनताको पक्ष लिने सरकार हुनु पर्छ र समाजवाद भनेको आदिम जमानाको अभाव र पिछडिएको समानता होइन, वैज्ञानिक र आधुनिक हुनुपर्छ, आजको डेरी फार्मि□को बेला प्रत्येक परिवारको गाई र गोठ तथा कारखानाको ठाउँमा चर्खाको कुरा, सामुहिक स्कूल र क्याम्पसको साटो गुरुकुलको कुरा, जन-साधारणको साधन सम्पन्न अस्पतालको ठाउँमा निजी उपचारको गन्थन वास्तवमा पिछडिएको चिन्तन हो । आज टेलिभिजन, रेफ्रिजेरेटर, वाशिङमेशिन र कम्प्युटर जस्ता साधन सम्पन्न समाजवादको कल्पना गरिन्छ । आवाज भन्दा छिटो हिंड्ने रेल र हवाईजहाज, अनेक यातायातका साधनको जमानामा बयलगाडाको कुरा गरेर जनतालाई समाजवादको पाठ सिकाउनु चरम हास्यास्पद कुरो हो । नेपाल मजदुर-किसान पार्टीले जनतालाई अहिले रोजगारमूलक योजनाहरु र जनताको प्रजातन्त्रको माध्यमबाट मात्रै समाजवादी समाजमा जाने बाटो देखाउने छ । ˝मेरो बाबु-बाजेले ध्यू र भात खाएका थिए मेरो हात सुंघ सुंघ□ भन्ने कुरा आज चल्दैन र कसैलाई मूर्ख बनाउन सकिंदैन ।

सुकुम्वासी समस्या समाधान निम्ति जग्गा वितरण गर्न गठित आयोग कुम्भकर्णको पर्याय भएको छ । विगतमा जब जब कुनै प्रमंले मध्यावधिको सिफारिस गर्छ तब तब जग्गा वितरणका कुरा चर्चामा ल्याउँछ । सुकुम्वासी समस्यालाई सत्तासीन र प्रमुख प्रतिपक्ष पार्टीहरुले भोट बैंक बनाउँदै आएका छन् । त्यस आयोगको उपयोगिता सत्तासीन पार्टीको भर्तीकेन्द्रको रुपमा सीमित छ भने बेलाबखत सत्ता नजिकका पत्र-पत्रिकामा देखापर्ने पानाभरीका विज्ञापनले मात्र त्यसको अस्तित्ववोध हुन्छ ।

सुकुम्वासी समस्याको पूर्ण समाधानको उपाय जग्गा वितरण होइन । बस्नलाई घडेरी विनापक्षपात दिनु आवश्यक छ तर सुकुम्वासी समस्याको समाधान रोजगारको उपलब्धताले मात्र हुन सक्छ । तसर्थ श्रममुलक उद्योगधन्धाको विकास गर्नु पर्छ ।

दासप्रथाको अवशेषको रुपमा रहेका बाँधा, कमैया, बुक्रेनी, हली, गोठालो आदिको समस्या समाधान पनि रोजगारबाटै मात्र संभव देखिन्छ ।

नेपाल कम्युनिष्ट आन्दोलन आज ˝वामपन्थी□ र दक्षिणपन्थी अवसरवादको दलदलमा फस्ने खतरा बढ्दै गएको छ । समाजवाद र समाजवादी क्रान्तिको मुख्य उद्देश्य र दीर्घकालीन हितलाई छोडेर पूँजीवादी सत्ता साझेदारी जस्ता सानो र अल्पकालीन हितमाथि जोड दिने अवसरवादबाट नेपालको कम्युनिष्ट आन्दोलनलाई जोगाउनु छ । मजदुर आन्दोलन भित्रको पूँजीवादी विचारधारा संशोधनवादबाट नेपालको कम्युनिष्ट आन्दोलनलाई जोगाउनु छ । एक एक पाइलाको सुधारहरुबाट २००-३०० वर्ष लगाएर कामदार वर्गलाई शासकवर्गको रुपमा स्थापित गर्ने सुधारवादी दृष्टिकोणबाट नेपालको कम्युनिष्ट आन्दोलनलाई जोगाउनु आवश्यक छ । ˝बहुदलीय जनवाद□, ˝मूलधारा□ वा ˝मूलप्रवाह□ जस्ता पूँजीवादी जनवाद ˝नयाँ जनवाद□ होइन र ˝समाजवाद□ होइन भन्ने सैद्धान्तिक छलफललाई जनताको घर दैलोसम्म पुऱ्याउनु छ । कमजोर मनोवलबाट उठ्ने हीनताबोध र भौतिक, भाषिक तथा जातीय थिचोमिचोबाट उठ्ने अहंकारवादबाट नेपाल कम्युनिष्ट आन्दोलनलाई जोगाउनु छ ।

सत्तामा जाने पूँजीवादी पार्टीहरुको सत्ता लुछाचुँडीको स्वाभाविक प्रक्रियालाई विगतमा झैं ˝क्रान्तिको जबर्दस्त परिस्थिति□ को मूल्यांकन गर्दै नेकपा (माओवादी) ले ˝जन युद्ध□ सञ्चालन गरेको छ । आमूल परिवर्तनको लागि सशस्त्र संघर्ष अनिवार्य भएको तथ्यमा सहमत हुँदाहुँदै व्यक्ति हत्याबाट क्रान्ति गर्न नसक्ने ऐतिहासिक तथ्यलाई बिर्सन मिल्दैन । जनतालाई राजनैतिक र सैद्धान्तिक रुपमा सचेत र सक्षम बनाई गरेको क्रान्तिले सफलता प्राप्त गर्छ भने हतियार कै बलले समाजवाद लाद्ने अराजकतावाद अन्तत्वगत्वा निराशामा टुंगिने छ । जनयुद्धले उपलब्धिको तुलनामा प्रचार बढी पाएको देखिन्छ । त्यसैले सरकारी आतंक बढेको छ र निरपराधहरु धेरै मारिएका छन् । यस्तो जनयुद्धले भोलिको क्रान्तिलाई नकारात्मक असर पार्ने संभावना तर्फ देशका कम्युनिष्टहरु सचेत हुनु आवश्यक छ।

साथै माओवादी समस्या राजनैतिक समस्या भएकोले त्यसलाई राजनैतिक ढंगले नै इमानदारी पूर्वक समाधान गरिनु पर्छ । सत्तापक्षको पूर्वाग्रह, पक्षपातबाट उत्पन्न गरीबी र अभावको अन्त्य गर्नु एवं दुर्गम र विकट क्षेत्रको विकासमा ध्यान दिनु आवश्यक छ ।

समूहको क्षणिक हितलाई नहेरी देश र जनताको पछिसम्मको हितलाई ध्यान दिएर हेर्दा नेपाल कम्युनिष्ट आन्दोलनलाई उत्ताउलोपन होइन धैर्य र संयमको आवश्यकता छ । हामीले नेपाल कम्युनिष्ट

आन्दोलनमा सैद्धान्तिक स्पष्टता, एकता र सहयोगको विकास गर्न पनि निर्वाचनलाई उपयोग गर्न खोजेका छौं ।

नेपाल मजदुर-किसान पार्टी पूँजीवादी चुनावबाट समाजवाद आउँछ भन्ने कुरामा विश्वास गर्दैन । मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधारामा विश्वास राख्ने कुनै पनि साम्यवादी पार्टीले त्यस कुरामा विश्वास गर्न सक्दैन । राजनैतिक सचेतता र संगठित शक्तिको अभावमा, पैसा, प्रशासन र मुढेबलको व्यापक प्रयोगबाट कामदार जनताको इच्छा र आकांक्षालाई पूँजीवादी चुनावको आडम्वर र भिलिमिलीले दवाउँदै आएको छ । यस्तो स्थितिमा देश र जनताको निस्वार्थ सेवा गर्ने, कामदार जनतालाई सत्तामा पुऱ्याउने महान लक्ष बोकेका साम्यवादी पार्टीहरुले पूँजीवादी चुनावलाई उपयोग गर्नु पर्दछ । यसको अर्थ पूँजीवादी सत्तामा आत्मसमर्पण गर्न वा पूँजीवादी सत्तामा पुग्ने उद्देश्यले चुनावको उपयोग गर्ने होइन बरु पूँजीवादको अवगुण र समाजवादी व्यवस्था मात्र कामदार जनताको स्वर्ग (शासन) हुन सक्ने वास्तविकतालाई प्रचार र स्पष्ट गर्न हामी चुनावलाई उपयोग गर्दैछौं ।

नेपाल मजदुर-किसान पार्टी जे गरेर भएपनि निर्वाचनमा जितेर सहुलियत प्राप्त गर्ने र संसद र निर्वाचनकै उद्देश्यले मजदुर वर्गको विशाल र दीर्घकालीन हितलाई बेवास्ता गर्ने संसदवादको विरोध गर्छ । हामी क्रान्तिकारी संसदवादको पक्षपाती हौं । क्रान्तिकारी संसदवाद भनेको कामदार वर्गको ठूलो र दीर्घकालीन हितको निम्ति संसद र निर्वाचनलाई प्रयोग गर्ने र सहुलियतहरुको निम्ति होइन मजदुर वर्गको निम्ति र आमुल परिवर्तनको निम्ति संसदीय संघर्ष गर्नु हो ।

नेपाल मजदुर-किसान पार्टी यो घोषणा-पत्रमा उल्लेख भएका कुराहरु लागू गराउन सचेत र प्रखर प्रतिपक्षकोरुपमा रहेर संसदभित्र र बाहिर अथवा सदन र सडकमा संघर्षरत रहनेछ । साथै देशलाई संकट परेको बेला नेमकिपाले विविध भूमिका खेल्न सक्नेछ ।

कृषि

८०-९० प्रतिशतभन्दा बढी देशवासी कृषि मै निर्भर रहेको हुंदा कृषि र किसान समस्या समाधान नभएसम्म देशको समस्या समाधान भएको हुँदैन ।

देशको समस्या समाधान गर्ने निहुँमा सत्तामा जाने पूँजीवादी पार्टीहरुले ठूलो षडयन्त्र गर्न लागेको तर्फ हामी सचेत छौं र त्यस षडयन्त्रको हामीले विरोध गर्दै आएका छौं ।

भूमिमाथिको द्वैध स्वामित्व अन्त्य गर्ने कार्वाही शुरु भइसकेको छ । तर देशमा १५ प्रतिशत जति मोहीसंगमात्र जोताहा निस्सा भएकोले बाँकी ८५ प्रतिशत जोताहा किसानले भूमिमाथि हक दावी गर्ने कुनै निस्सा छैन । त्यसैले ती ८५ प्रतिशत किसानलाई मोहीको निस्सा नदिई द्वैध स्वामित्व अन्त्य गर्नु बहुमत जोताहा किसानहरु विरुद्ध सरासर षडयन्त्र र अन्याय हो ।

त्यस्तै धर्मपुत्र, छोरी, बुहारी र स्वास्नीले अनि सबै छोराहरुले पनि मोहियानी हक पाउने बन्दोवस्त ऐनमा हुनु आवश्यक छ । गुठी जग्गालाई जोताहाको नाममा दर्ता गराइनु पर्छ । अन्तिम समाधान निम्ति प्रगतिशील भूमिसुधारको नीति तयार गर्न देशभरि अनुसन्धान, प्राविधिक र व्याव- हारिक छलफल हुनु आवश्यक छ ।

खेतीको उत्पादन बढाउन सिंचाई, मल, नयाँ ज्यावलको बन्दोवस्त गरिनु पर्छ र कीरा मार्ने औषधीहरुको सीमित मात्रामा प्रयोग गरी विषादीको विकल्पको रुपमा तरकारी खेती र मिश्रित बाली म्थलकष्अ ब्अअगफगबितष्यल प्रणालीको बन्दोवस्त गरी प्राकृतिक किसिमले पनि कीराहरु नष्ट गर्न उत्साहित गरिनु पर्छ । कृषिको निमित्त पानी र नहर भनेको मानव शरीरको निमित्त रगत र नसाहरु जस्तै हुन् । वर्ष भरी नै आमाले नानीलाई दूध दिए सरह पानी दिइरहने हिमाल र हाम्रा नदी नालाहरु सिंचाइको निम्ति वरदान हुन् । आफ्नै देशको श्रम शक्ति, इँट र सिमेन्टले नहर र ढलहरुको व्यापक निर्माण कार्यहरु गराइनु पर्छ । शरीरलाई पौष्टिक आहार भिटामीनहरुको आवश्यकता भए जस्तै खेतीलाई मलको खाँचो हुन्छ । तर शासक दलहरु विदेशी मलमा हरेक वर्ष करोडौं रुपैया कमीशन खानको निम्ति देशमा मल कारखाना स्थापना गर्न र गराउन मानिरहेका छैनन् । त्यही मल विक्रीमा पनि अनियमितता र भ्रष्टाचार गराइ राखेका छन् । त्यसैले देशमा मल कारखाना निर्माण गर्न जोड दिइनुका साथै व्यापक आकार (परिमाण) मा भारपात वा कम्पोष्ट मल उत्पादन गराउन देशव्यापी अभियान चलाउन उत्साहित गर्न लगाइने छ । कमसल र म्याद नाघेको मल भित्र्याउन रोक लगाउनुका साथै मल बिक्री वितरणमा भैरहको अनियमितता र भ्रष्टाचारलाई निर्ममतापूर्वक नियन्त्रण गराउन हाम्रो पार्टी लाग्ने छ । विरुवामा लाग्ने विभिन्न रोगहरुबाट बालीनालीलाई

बचाउन देशभित्रै कीरा मार्ने औषधीहरु उत्पादन गराईनु पर्छ र त्यसबाट किसानहरुले समय मै सुलभ तरिकाले कीटनाशक औषधी पाउने छन् ।

देशका विभिन्न ठाउँमा भएका कृषि अनुसन्धान केन्द्रहरु र कार्यरत योग्य कृषि वैज्ञानिकहरुलाई प्रोत्साहित र परिचालन गर्नमा सरकारहरु असफल भएका छन् । तसर्थ तिनीहरुको योगदान देश र जनताको हितमा हुनुपर्ने नेमकिपाको ठम्याइ छ ।

छोटोमा पुरानो ढ□को खेतीपातीलाई नयाँ वा वैज्ञानिक ढ□को खेतीको विकासमा प्रोत्साहित गर्न निर्व्याजी वा कम व्याजको ऋण, ट्याक्टर वा अन्य खेतीका ज्यावल र प्राविधिक सुविधाहरु जिल्ला, आवश्यक क्षेत्र र गाउँ गाउँमा पुऱ्याउनु पर्छ । कृषि विशेषज्ञ र सहायक कृषि विशेषज्ञहरुको ज्ञान र सीपलाई अफिसमा मात्रै सीमित नराखी खेत-खेतसम्म पुऱ्याउन लगाउन नेमकिपा संघर्ष गर्छ ।

कृषिमा रहेको जनसंख्याको भारलाई उद्योग, यातायात, कुटीर व्यवसाय र अन्य सेवाहरुमा लगाएर किसान परिवारको जीवनस्तरलाई उठाउनु आवश्यक छ । पशुपालन, कुखुरा पालन, माछा पालन र अन्य त्यस्तै सहायक कामको बन्दोवस्त गरेर खेती कार्यबाट बांकी रहेको श्रमशक्तिलाई उपयोग गरिनु पर्छ ।

नहर बनाउने, सडक र बाटो बनाउने र अन्य निर्माण कार्यहरुमा समेत काम दिएर किसानहरुको श्रमशक्तिलाई उपयोग गर्नु पर्छ । त्यसबाट विदेशीन बाध्य हुने परिस्थिति फेरिने छ, जीवनस्तरलाई उठाइने छ र जनतालाई श्रमदान गराएर माथिल्ला ओहदामा बस्नेहरुको सम्पन्नताको महल बनाउने श्रोतलाई बन्द गराइनु पर्छ । सत्तापक्षका कार्यकर्ताहरुलाई मात्र होइन किसानहरुको उत्पादन कार्यमा जोश र जांगर थप्न निर्व्याजी वा कम व्याजमा ऋणहरु उपलब्ध गराइनु पर्छ । सहकारी संस्था र कोल्ड स्टोरेज (चिस्याउने केन्द्र) जस्ता उत्पादनलाई संरक्षित गर्ने भण्डारहरु मार्फत किसानहरुलाई उत्पादनहरुको उचित मूल्य प्राप्त गराउनु आवश्यक छ ।

आजको सुकुम्वासी समस्या पनि किसान समस्या भित्रै पर्छ । पहाडी क्षेत्रमा यातायात र रोजगारको अभावमा लाखौं जनता काम, माम, कपडा र ओत पाउन वनवास लाग्न र आफ्नो पुर्खाबाट सिकेको खेतीमात्र गरेर बसोवास गर्न वाध्य गराइएका छन् । तर त्यसमा पहाडका केही ठूलावडा र जाली फटाहाहरु समेत टाउको लुकाउन पुगेका छन् । २-४ ठाउँमा जग्गा ओगटेका त्यस्ता जालीहरुलाई बाहेक अरु सबै सुकुम्वासीहरुलाई राम्रो बसोवासको व्यवस्था गर्ने र त्यही वस्तीको नजिकै रोजगारमूलक उद्योगहरु स्थापना गरी वन विनाशलाई रोक्ने नीति अवलम्वन गरिनु पर्छ । सुकुम्वासीहरुलाई सत्तासीन दलहरुको भोट बैंक बनाउने नीतिको विरोध गरिनु पर्छ । सुकुम्वासीका छोरा-छोरीहरुलाई शिक्षाको राम्रो बन्दोवस्त भएमा सुकुम्वासी समस्याको दीर्घकालीन समाधानमा टेवा पुग्ने छ । पछि सुकुम्वासी समस्या आउन नदिन र वन विनाश रोक्न देशको उत्तरी र दुर्गम क्षेत्रको विकासमा जोड दिइनु पर्छ । कृषि मजदुरहरुको न्यूनत्तम ज्याला तोक्न लगाउन संघर्ष गर्नु आवश्यक छ ।

उद्योग-बाणिज्य र पर्यटन

कृषिप्रधान समाजलाई उद्योगप्रधान समाजमा फेर्न पहिले एक शताब्दी लाग्थ्यो । यातायात र संचारको तीब्रतर विकास, अन्तर्राष्ट्रिय सम्वन्ध र विज्ञान प्रविधि समेत बेच्ने प्रतियोगिताको कारण नेपाल जस्तो आफ्नै विशेषता भएको देशलाई औद्योगिक देशमा फेर्न आज एक शताब्दी लाग्ने छैन । तर देशलाई औद्योगिक रुपमा अगाडि बढाउन सकिएन भने सम्पन्नता र आत्मनिर्भरता पनि आकाशको फल हुनेछ । यसकारण कृषिसंग सम्वन्धित र कृषि उत्पादनबाट हुने रोजगारमूलक घरेलु र सऱ्साना उद्योगहरुलाई प्राथमिकता दिंदै अन्य उद्योगलाई समेत ग्रा□यता दिलाउन नेमकिपा जोड दिन्छ । यसबाट एकातिर कृषि उत्पादनलाई बजार भेटाउन गाऱ्हो पर्दैन भने अर्कोतिर उद्योगहरुको विकासमा पनि टेवा पुग्ने छ । उद्योगको संरक्षणको लागि सहुलियत पूर्ण ऋण, कच्चा मालमा भन्सार सहुलियत र बैंकको व्याजमा सुविधा दिन लगाइनु आवश्यक छ ।

देशको दुर्गम र उत्तरतिर यातायातको विकासले फलफूल प्रशोधन, जडीबुटी र पशुजन्य उद्योगहरुको स्थापना हुनुको साथै पर्यटन उद्योगलाई पनि सहयोग पुऱ्याउने छ । यस निम्ति सहुलियत पूर्ण ऋण, औद्योगिक प्रविधि, औद्योगिक व्यवस्थापन जस्ता पक्षहरुमा सम्वन्धित व्यक्तिहरुलाई तालिम दिई बजारको समेत समुचित व्यवस्था गरिनु आवश्यक छ । जडीबुटी उपयोगको नाममा ठेकेदारहरुबाट जडीबुटीका बीउ नै नराख्ने वा उन्मूलन गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न कडा कारवाहीको आवश्यकता छ । साथै जडीबुटी प्रशोधन र औषधी कारखाना जडी बुटी प्राप्त हुने क्षेत्र मै स्थापना गर्न लगाइनु पर्छ । सदा दुवै छिमेकी

देशहरुमा मात्रै निर्भर रहन नपर्ने अत्याधुनिक प्रविधियुक्त उद्योगहरुको निमित्त बहुराष्ट्रिय प्रविधिहरुलाई समेत आवश्यक नियन्त्रणका साथै देश हितलाइ ध्यानमा राखी भित्र्याउने नीति बनाउन जोड दिनु आवश्यक छ ।

हाम्रो देशको भूगोलले हामीलाई अन्य उद्योगभन्दा पर्यटन उद्योगलाई छिटै विकास गराउन सक्ने सम्भावना दिएको छ । पर्यटन उद्योग विदेशी मुद्रा कमाउने हाम्रो सबभन्दा राम्रो श्रोतमध्ये एक हो । उद्योगलाई चाहिने यन्त्र र अन्य सामानको निम्ति विदेशी मुद्रा सान्है खाँचो पर्दछ । त्यो खाँचो र रोजगारको निम्ति पनि पर्यटन उद्योगलाई विकास गराउन आवश्यक छ । देशका पुरातात्विक ऐतिहासिक क्षेत्रहरुलाई पर्यटकीय स्थलको रुपमा विकास गर्न नेमकिपाले जोड् दिनेछ । यातायात र हवाई सेवा भएका विभिन्न जिल्लाहरुलाई समेत पर्यटन केन्द्रहरुमा परिणत गर्न सांस्कृतिक, ऐतिहासिक र प्राकृतिक सौन्दर्यस्थलहरुलाई व्यवस्थित गर्न माथिल्ला दर्जाका होटलहरुको बन्दोवस्त गर्न, कलात्मक वस्तुहरुको ज्यासलहरु खोल्न र पर्यटकहरुको सुरक्षालाई समेत ध्यान दिनु आवश्यक छ । पर्यटन उद्योगबाट हुने सांस्कृतिक प्रदुषणलाई समेत रोक्न सचेत हुनुपर्ने कुरामा भने नेमकिपा संघर्षरत रहने छ ।

विश्वमा अहिले पृथ्वीकरण ९नयिदबष्किबतष्यल० को निकै चर्चा भइरहेको छ । उद्योग र व्यापारमा ठूलो माछाले सानो माछालाई खाने नीतिलाई सामान्य घटनाको रुपमा लिइन्छ । पृथ्वीकरणको यस नारामा अर्थतन्त्र, व्यापार, बजार लगायत सञ्चार र संस्कृतिलाई समेटिएको छ । यसबाट ठूला र बलिया शक्तिहरुले साना र कमजोर वा विकासशील देशहरुमाथि आफ्नो प्रभुत्व लाद्ने छन् । त्यसैले पृथ्वीकरण नवउपनिवेशी-करण गर्ने साम्राज्यवादीहरुको नयाँ ज्यावल हो र यस्को विरोध अन्य विकासशील देशहरुसंगै हामीले पनि गर्नुपर्दछ ।

व्यापार

देशको उत्पादनलाई विदेशमा बेच्ने र आफ्नो देशमा नपाइने आवश्यक वस्तुहरु विदेशबाट ल्याई जनतालाई सस्तोमा उपलब्ध गराउने काम व्यापारले गर्छ । व्यापार विना देशको खांचो पूरा हुंदैन र देश सम्पन्न पनि हुंदैन । देशको उत्पादनलाई निर्यात गराउने र देशको उद्योग-धन्दालाई उत्साहित गर्ने खालको व्यापार नीतिलाई अवलम्वन गराइनु पर्छ । चीनको स्वशासित क्षेत्र तिब्बतबाट आउने सामानमा भएको पक्षपातलाई समाप्त पार्नु आवश्यक छ । हाम्रो देशको उत्तरी भागको विकास तिब्बतको विकाससंग जोडिएको छ । भारत र चीन दुवै छिमेकी मुलुक भएको हुंदा दुई देशमा भएको व्यापारको भेदभावलाई हटाउनको निम्ति लोकमत तयार गर्न नेमकिपाले जोड दिनेछ अर्थात भारतीय र चिनीया दुवै सामानमा समान सुविधा र समान कर प्रणाली लागू गरिनु पर्दछ । नेपाली जनताले सस्तो, असल र राम्रो सामान पाउन देशभित्र छनौट गराउने सम्भावनालाई बढाउनु पर्दछ ।

व्यापारको विकासको निम्ति चाहिने सबै सुविधाहरु व्यापारीहरुलाई दिलाउने नीति तयार गरिनु पर्छ । तर देशको अर्थतन्त्रमा नकारात्मक असर पर्ने, सामान लुकाई कृत्रिम अभाव खडा गर्ने, सीमाको चोरी व्यापार, अस्वाभाविक मूल्य बृद्धि, कमसल र मिसावट गर्ने र त्यस्तो माल भित्र्याइ जनताको जीवनसंग खेलवाड गर्ने आदि व्यापारका कालो पक्षलाई नेमकिपा विरोध गर्दछ ।

कोकाकोला, पेप्सीकोला, बीयर जस्ता पेय पदार्थ र अन्य विलासिताका उद्योगहरु र जोड्ने उद्योगहरुले देशको औद्योगिकरणमा खास हौसला नदिने हुंदा तिनीहरुलाई प्राथमिकता दिइनु हुन्न र आधारभूत उद्योगमा जोड दिइनु पर्छ । तर उद्योगमा भैरहेको अन्तशुल्क चोर्ने, गुणस्तरमा ऱ्हास ल्याउने र अनुचित मूल्य वृद्धि गर्नेलाई छुट दिनुहुन्न ।

सरकारको अनुदान पाएका वा पूर्णरुपले सरकारले चलाएका संस्थान र कारखानाहरुमध्ये ९५ प्रतिशत घाटामा चलिरहेको जानकारीमा आएको छ । माथिल्ला वर्गको विशेष अधिकार प्राप्त कर्मचारीहरुको मनपरीतन्त्र अर्थात व्यूरोक्रेसी कै कारण आर्थिक चुहावट, भ्रष्टाचार, बढी कर्मचारी संख्या, आम्दानीभन्दा बढी सहुलियत, व्यवस्थापनको अयोग्यता आदि संस्थानहरुको दुर्दशाका कारणहरु हुन् । त्यसको जरो पत्ता लगाउन तत्कालै जाँच आयोग खडा गराइनु पर्छ र अपराधीहरुलाई आवश्यक सजाय गराई ती उद्योगहरुलाई जोगाउने नीति लिई निजीकरणलाई रोक्न लगाउन नेमकिपा संघर्ष गर्छ ।

मजदुर

श्रम समस्याबाट उद्योगलाई मुक्त पार्न मजदुरहरुले पाउने उचित ज्याला र सबै सुविधाहरु दिनु पर्छ र मजदुरहरुको कामको ग्यारेन्टी र तिनीहरुको अधिकारहरुको ग्यारेन्टी दिइनु पर्छ। औद्योगिक विकासमा मजदुर वर्गको पनि महत्वपूर्ण योगदान हुने हुँदा मजदुरहरुलाई तालिम उपलब्ध गराउने, अस्थायी मजदुरहरुलाई नियम बमोजिम स्थायी बनाउने, औद्योगिक प्रतिष्ठानहरुकै नजीक मजदुर वस्ती र स्वास्थ्योपचारको निःशुल्क वन्दोवस्त गराउने र व्यवस्थापनमा समेत मजदुरहरुको प्रतिनिधित्व गराउने ऐन बनाई उद्योग क्षेत्रमा शान्ति स्थापना र विकासलाई सुनिश्चतता दिलाउन नेमकिपा संघर्षरत रहनेछ। श्रमको अनुपातमा मजदुरको ज्याला किटान गर्नु पर्दछ भन्ने हाम्रो ठम्याइ छ। मजदुर वर्गलाई ज्यावलभन्दा पनि कम महत्व दिने दृष्टिकोणलाई निरुत्साहित पार्न जोड दिनेछ। उद्योग र श्रम ऐन निर्माण र संशोधन गर्न उद्योगपति र मजदुर संघहरुको सल्लाह लिने वन्दोवस्त गराउनु आवश्यक छ। मजदुर विरोधी ऐन नियमको विरोधमा नेमकिपा सदा अगाडि बढ्ने छ।

यातायात र संचार

यातायात र संचार आर्थिक विकासको निम्ति अनिवार्य साधनहरु हुन्। सडक र यातायात देशको भाग्यरेखा नै हो। यातायात विना न कृषि उत्पादनलाई सस्तोमा देशको एक भागबाट अर्को भागमा लान सकिन्छ न त उद्योगको लागि आवश्यक कच्चा पदार्थ र तयारी माल सामानलाई वसार- पसार गर्न सकिने छ। छोटोमा यातायात नै देशको राष्ट्रिय अर्थतन्त्रको विकासको पूर्वाधार हो। त्यसैले सडक निर्माणमा र यातायातका अन्य संस्थाहरुमा भैरहेका भ्रष्टाचार र कमीशन तन्त्रको विरोध गर्नु पर्दछ। सडक निर्माणमा भएका भ्रष्टाचार र अनियमितताकै कारण दुर्घटनाहरु बढिरहेका छन्।

सुकुम्वासी समस्या, वन विनाश, कृषि र उद्योगको विकास नहुनु छोटोमा देश अगाडि बढ्न नसक्नुको मुख्य कारण नै यातायातको विकास नहुनु हो। उत्तरी क्षेत्रमा यातायातको विकास भएको भए फलफूल, ऊन, मासु, जडीबुटी वा अन्य वस्तु सस्तोमा देशले पाउने थियो, सस्तोमा आवश्यक सामान पुगेर जनताको जीवनस्तर उठ्ने थियो। त्यस्तो स्थितिमा पहाडबाट मानिसहरुको तराइमा ओइरो लाग्ने थिएन, वन विनाश र सुकुम्वासी समस्या झेल्नु पर्ने थिएन। यसकारण संभव भएका सबै अंचल, जिल्ला र गाउँमा सडक र रज्जु मार्ग वा केवुलकारको वन्दोवस्त गराउन प्राथमिकता दिइनु पर्छ। उत्तरी क्षेत्रको हरेक जिल्लाहरुमा सडक पुऱ्याउन र सडक बनिनसकेको विकट ठाउँहरुमा हाललाई रज्जुमार्ग र हवाइ यातायातको बन्दोवस्तको निम्ति नेमकिपाले आवाज उठाउने छ। शहरी क्षेत्रको निम्ति गुन्द्रुक झैं खांदिने र घण्टौं पर्खनु पर्ने असुरक्षित र अव्यवस्थित बस सेवाको ठाउंमा ट्रली बस, ट्राम र ठूलो मात्रामा राम्रो बस सेवाको बन्दोवस्त गराउन आवश्यक छ। यसबारे नेमकिपाका प्रतिनिधिहरुले संसदमा ध्यानाकर्षण, प्रश्न र अन्य उपायद्वारा सरकारको अकर्मण्यताबारे उदांग्याउने कार्य गरेका थिए।

जल विद्युतको प्रचुर संभावना भएको देश हुंदा विजुलीबाट चल्ने रेल, ट्राम र ट्रलीबसहरुको जाल विछ्याउन सकिन्छ। त्यसले तेलको निमित खर्चिने विदेशी मुद्रा बच्ने छ भने अर्कोतिर वायु प्रदुषण पनि घट्ने छ। देशमा जल यातायातका संभावनाहरु छन्। त्यसबारे पनि गहिरो अध्ययन र जांच बुझ गराउनु पर्छ भन्नेबारे हाम्रा प्रतिनिधिहरुले सदनमा उठाएका थिए र आगामी दिनहरुमा पनि उठाउने नै छन्।

आज रेडियो र टि.भी.जस्ता संचारका साधनहरु सत्तापक्ष कै प्रचारको एकलौटी भएका छन्। संचारका साधनहरुलाई सरकारी नियन्त्रणबाट स्वतन्त्र गराइनु पर्दछ।

संचारका साधन साँचै भनूँ भने छाडा गीत र नाचहरुबाट विटुलिएका छन्। त्यस्ता दुर्गन्धलाई हटाएर शिक्षामूलक, ज्ञानवर्द्धक र स्वस्थ मनोरंजनको सूचनाको श्रोत बनाइनु पर्छ। त्यसमा भएका अनेक नातावाद, कृपावाद, ठालुवाद र भ्रष्टाचारलाई निर्मूल गरिनु पर्छ। देशको दुर्गम क्षेत्रका ग्रामीण क्षेत्रमा समेत आकाशवाणी र संभव भएका ठाउँहरुमा डिजिटल टेलिफोन, ग्रामीण दूरसञ्चार सेवा पुऱ्याउनु पर्छ। व्यापक मात्रामा टेलिफोन विक्री वितरण गर्दा दुरसंचार संस्थानलाई नै फाइदा हुने गर्छ। यसबारे ध्यान नपुऱ्याई पक्षपात गरी वा ठूलो रकम लिई टेलिफोन दिने व्यवस्थामा रोक लगाइनु पर्छ। यसकारण नेमकिपा विना कुनै वाधा-व्यवधान वा सरलरुपले टेलिफोनको वितरण गर्न जोड दिन्छ।

शिक्षा

शिक्षालाई उत्पादन श्रमसंग मिलाउने नीति अनुसार ट्रेड स्कूल, प्राविधिक स्कूल र अन्य रोजगारमूलक शिक्षालाई जोड दिंदै प्राथमिक र माध्यमिक शिक्षाको खर्चलाई उच्च शिक्षाको हारा-हारीमा पुऱ्याउनु आवश्यक छ। शिक्षाको विविध क्षेत्रहरुको रकमलाई राम्रो सदुपयोग गर्ने हो भने माध्यामिक शिक्षा

मात्रै होइन उच्च शिक्षा समेतलाई निःशुल्क गर्न सकिन्छ र पूर्व प्राथमिक शिक्षामा नयाँ पाइला चाल्न लगाउन नेमकिपा लागी पर्नेछ।

नेमकिपा प्राथमिकदेखि उच्च शिक्षासम्म निःशुल्कका साथै स्तरीय शिक्षाको पक्षमा दृढ रहने छ । निजी क्षेत्रका विद्यालयहरुको व्यापारी- करणलाई नियन्त्रण गरिनु आवश्यक छ । दुर्गम जिल्लाहरुमा निम्न माध्यमिक स्कूलसम्म निःशुल्क छात्रावासको व्यवस्था गराउन! अंग्रेजी, गणित र विज्ञान जस्ता विषयको शिक्षाको स्तर विकास गर्न शिक्षकहरुको सघन तालिम कार्यक्रमलाई चलाउन! प्रौढ शिक्षा, महिला शिक्षा र अन्य शैक्षिक तालिम चलाउन, ती तालिमहरु प्रचारात्मक भ्रmारा टार्ने जस्तो नभई शैक्षिक स्तर उठाउन जोड दिइएको हुनु पर्छ । शिक्षा क्षेत्रमा भएको अराजकता र अनियमितताले शिक्षण पेशाप्रति वितृष्णा बढेको पाइन्छ त्यसलाई समाधान गरिनु पर्छ र उच्च शिक्षाका शिक्षकहरुको मेहनतलाई पूर्णरुपले उपयोग गराइनु पर्छ ।

पुरातात्विक र ऐतिहासिक महत्व भएका स्थल, कलात्मक वस्तु, मठ-मन्दिरको संरक्षण कार्यमा आवश्यक तदारुकता पुगेको छैन । प्राचीन नाचगानलाई संरक्षण र विकास गर्न सांस्कृतिक एकेडेमीको व्यवस्था गर्न, देशको काष्ठकला, मूर्तिकला, वास्तुकला र नाचगानलाई लोप हुनबाट बचाउने मात्रै होइन विकास गर्न पनि सम्वन्धित महाविद्यालयहरु स्थापना गराउन नेमकिपा आवश्यक सम्झन्छ । प्राथमिक शिक्षा मातृ भाषा मै दिलाउने र मैथिली, अवधि, भोजपुरी, नेवारी, गुरुङ, मगर, राई , लिम्बु तामाङ, थारु आदि सबै राष्ट्रिय भाषा र साहित्यको विकास गर्न बहुभाषी साहित्य एकेडेमी स्थापनाको क्षेत्रमा नेमकिपा रहने छ वा भएको प्रज्ञा प्रतिष्ठानलाई अझ व्यापक बनाउनु पर्छ । सबै क्षेत्र र वर्गका युवा जनताको शारीरिक विकासको निमित्त खेलकुदको विकास गर्न सम्वन्धित संस्थालाई पुनःनिर्माण गराउन र त्यसमा भएको भ्रष्टाचार, पक्षपात र अनियमितताको व्यापक जांच बुझ गराइनु पर्छ भन्ने दृष्टिकोण नेमकिपाको छ ।

धर्म र कला संस्कृति

धर्म व्यक्तिगत विश्वासको विषय हुनाले त्यसमा राज्यको कुनै हस्तक्षेप हुनु वा एउटा धर्मलाई प्रोत्साहन दिएर अर्को धर्मलाई होच्याउने गर्नु राजनैतिक दृष्टिले सार्है विरामपूर्ण हुनेछ । यसकारण सबै नागरिक- हरुलाई आ-आफ्नो विश्वास अनुसार धर्म मान्न छुट दिइनु पर्छ तर प्रलोभन दिएर धर्म परिवर्तनको पक्षमा भने नेमकिपा छैन ।

समाज विकासको विविध चरणमा साझा सुधार ल्याउन आवश्यकता अनुसार विविध धर्म विकास भएको हो । आज पनि विभिन्न धर्मले दया, माया, शान्ति, सहयोग, आत्मशुद्धि, मादक पदार्थ र व्यभिचारलाई निरुत्साहित पार्ने काम भएको पाइन्छ । नेपालमा धार्मिक सहिष्णुता विद्यमान छ । देश र जनताको हित हुने धार्मिक गतिविधि र रीतिरिवाजलाई हाम्रो पार्टीले विरोध गर्ने छैन । धर्मले पनि देश र जनताको सेवा गर्न दिनु पर्छ भन्ने पक्षमा नेमकिपा जोड दिन चाहन्छ ।

नेपालमा धर्मले पनि संस्कृतिलाई जोगाई राखेको छ । अनेक किसिमका नाच-गान,रीतिरिवाज,भजन आदि नेपाली जनताका सांस्कृतिक सम्पदा हुन् । यसकारण तिनीहरुको संरक्षण गर्नु पर्ने आवश्यकतालाई हामी अनुभव गर्दछौं ।

देशको कला-संस्कृति र पुरातत्वबारे माध्यमिक कक्षाका पाठ्यपुस्तकमा र नेपाली वास्तुकलाबारे इन्जिनीयरि□ पाठयक्रममा समावेश गर्नु आवश्यक छ ।

तर धर्मको नाममा हुने सबै प्रकारको शोषणलाई बन्द गरिनु पर्छ । मठ मन्दिर र अन्य धार्मिक संस्थाको सम्पतिलाई धर्मका केही ठेकेदारहरुले गरी आएको दुरुपयोग रोक्नु र त्यसको संरक्षण गर्नु पनि उतिकै जरुरी छ । ती सम्पतिहरुलाई नगरपालिका वा जिल्ला विकास समितिको हातमा सुम्पिनु पर्छ वा त्यसलाई लोक कल्याणको काममा लगाइनु आवश्यक छ ।

कला र संस्कृति संरक्षण विधेयक २०५१ लाई प्रस्तुत गर्न सम्वन्धित मन्त्री र संस्थाहरुसंग पनि नेमकिपाले सम्वन्ध राखेको थियो । त्यस खेस्रा विधेयकले नेपालका पुरातात्विक, ऐतिहासिक कला र सांस्कृतिक महत्व भएको स्थल, स्थान र वस्तुहरुको एक राष्ट्रिय सूची तयार गर्ने, त्यस्ता स्थल र वस्तुहरुलाई म्हास्ने र बिगार्न नपाउने, संरक्षण गर्न सरकार वा स्थानीय सरकारहरुले पनि सम्वन्धित व्यक्ति वा संस्थालाई सहुलियत र मुआब्जा समेत दिई संरक्षण गर्ने उपायहरु उल्लेख गरिएको थियो ।

त्यो विधेयक पनि नेमकिपाले पटक-पटक दर्ता गऱ्यो तर सरकारले छलफलमा ल्याउने आँट गरेन । यद्यपि सरकारले प्राचिन स्मारक संरक्षण ऐन २०१३ लाई संशोधन पारीत गऱ्यो । तर व्यवहारमा लागू भएको छैन । मौलिक स्वरुप मै निर्माण गर्ने घर धनीलाई काठमा राजश्व (रोयल्टी), मूल्य अभिबृद्धि कर र अन्तशुल्क छुट, १० प्रतिशतसम्म आर्थिक अनुदान लगायतका कला-संस्कृतिको संरक्षणमा महत्वपूर्ण टेवा दिने प्रावधानहरुलाई व्यवहारमा लागू गराउन नेमकिपाले जोड दिंदै जानेछ ।

प्रशासन र कर्मचारी

प्रशासनमा भएको नातावाद, कृपावाद, भ्रष्टाचार र अनियमिततालाई निर्मूल गर्न प्रशासनलाई निश्चित ठूला-वडा परिवार र जातिको पेवा हुनबाट बचाउनु पर्छ । विषयवस्तुमा दक्षता र लगनशीलता बाहेक इमान्दारी, देशभक्त, प्रजातान्त्रिक भावना र जनताको सेवा गर्ने भावना नै कर्मचारीको महत्वपूर्ण योग्यता हो । प्रशासनलाई पार्टीको प्रभाव र दलीय राजनीतिबाट टाढा राखिनु पर्छ । प्रशासनलाई सक्षम, छिटो छरितो बनाउन प्रशासनिक सुधारको खाँचो छ त्यसलाई इन्कार गर्नुहुन्न ।

प्रशासनमा भएको हीनताबोध र भ्रष्टाचारलाई रोक्नको निम्ति तल्लो कर्मचारीहरुको तलब माथिल्ला कर्मचारीहरुको भन्दा धेरै गुणा फरक हुन दिनहुन्न । तल्ला कर्मचारीहरुको तलबमा शतप्रतिशत बृद्धि, सबै तहका कर्मचारीहरुको आवासको बन्दोवस्त, तिनीहरुका केटाकेटीलाई स्कूलको बन्दोवस्त र पदोनन्तिको निम्ति तालिम र अध्ययनको सुविधा आदि योग्यता, जेष्ठता र दक्षताको आधारमा विना भेदभाव दिइनु पर्छ । कर्मचारीहरुको तलब बढ्दै गएको बजार भाउसंगै बढाउँदै लगिनु आवश्यक छ । त्यसको निम्ति नेमकिपा संघर्ष गर्न वचनबद्ध छ । स्वास्थ्य उपचारको समस्या कर्मचारीहरुको निम्ति सदा संत्रासको विषय हुने गर्छ । सरकारी सुविधा अत्यन्त नपुग छ र अनेक छिद्रहरुले भरिएको छ । यसकारण प्रयोगको निम्ति काठमाण्डौमा केही क्षेत्रका निम्ति एक स्वास्थ्य वीमा लागू गरेर नयाँ प्रयोग थालिनु पर्छ ।

वातावरण

हामी सबै देशका मानिस र प्राणीहरु एउटै पृथ्वीका हौं । हाम्रो वायुमण्डल एउटै छ । एक देश वा कुनै क्षेत्रको वातावरणको प्रदुषणको प्रभाव प्रत्यक्ष वा अप्रत्यक्ष रुपले ढिलो चाँडो सबै देशका मानव जातिलाई मात्र होइन सम्पूर्ण प्राणीमाथि नै पर्छ । त्यसमा धनी र गरीव भन्ने छैन । वन विनाश, विना योजनाको बढ्दो शहरीकरण, जनसंख्याको अनियन्त्रित वृद्धि, औद्योगिक देशहरुको विवेकहिन औद्योगिक नीति वा उद्योगपतिहरुको लोककल्याण भन्दा नाफाको चिन्ता, प्राकृतिक श्रोतहरुको अव्यवस्थित उपयोग, सैनिक प्रभुत्वको निमित्त शक्ति राष्ट्रहरुको रासायनिक, जैविक, आणविक हात-हतियारको निर्माणको होड र युद्धले पृथ्वीको तातोपन, मरुभूमि-करण बढेको छ र ओजोन तह पातलिँदै गएको छ । यसले वातावरणीय प्रदुषणलाई बढाउँदैछ । भियतनाम युद्धको बेला अमेरिकी साम्राज्यवादले खसालेको बम र प्रयोग गरेको रासायनिक पदार्थहरुले हजारौं आमा र शिशुहरु समेत मर्नु र बाँच्नुको दोसांधमा छन्, कयौं घातक रोगहरु फैलिएको छ । खाडी समस्या वा इराकमाथिको सं.रा. अमेरिका र बेलायतको हमलाको कारण युद्धले त्यहाँका बम, बारुद र तेलका खानीहरुमा लागेको आगोले सूर्य देख्न गाह्रो भएको थियो । अम्ल वर्षा र कालो पानीको वर्षा हुँदैछ, केटाकेटी र बूढा बूढी रोगका शिकार भए, जमिन र पानीका चराचुरु□ीहरु मरे । इराकमाथि साम्राज्यवादी आक्रमण र नाकावन्दीबाट ८ वर्षमा १८ लाख केटाकेटी, वृद्धहरु र अन्य जनता भोकप्यास र औषधी उपचार विना मरे । त्यसको प्रभाव नेपालको कृषि र हाम्रो जीवनमा पनि पर्नेछ । त्यस्तै नेपालको वातावरणको प्रदुषणको प्रभाव अन्य देश वा संसारमा पर्ने छ । हाम्रो देश आज वन विनाश, भू-क्षय, फोहर पानी र धुंवालाई नियन्त्रण गर्ने अग्रिम वन्दोवस्तको अभावमा उद्योगहरु खोल्न दिने काम र नगरपालिकाहरुले फोहर पानीलाई स्वच्छ बनाउने काममा देखाएको वेवास्ताले गर्दा प्रदूषणको प्रकोप विकराल हुँदैछ । यसलाई समयमै नियन्त्रण गर्न सकिएन भने विकास स्वयं भष्मासूरलाई वरदान हुनेछ ।

यसकारण हाम्रो पार्टी यस प्रकोपलाई रोक्न वृक्षरोपण गर्ने, भू-स्खलन रोक्ने, प्रौढ शिक्षा, महिला शिक्षा र पाठ्यक्रममा समेत वृक्षरोपण र भू-स्खलन रोक्ने शिक्षा दिने र व्यापक जनतालाई वृक्षरोपनको आन्दोलनमा सक्रिय गराउने पक्षमा छ । हजारौं संख्यामा वृक्षरोपण कार्यमा नयाँ कर्मचारीहरु नियुक्ति गरेर वन विकास संरक्षण र रोजगारको नयाँ संघार खोल्न, बाल्ने र भान्साको काम निम्ति समेत सस्तोमा विजुली उपलब्ध गराउन, वैज्ञानिक चुलो, सौर उर्जाबाट संचालित चुलोहरु सस्तो र सुलभ तरिकाले विक्री वितरण गरी काठ-दाउरा जोगाउन र धुंवा कम गराउन, नदी र पोखरीहरुलाई सफा राख्न शहरबाट बग्ने

फोहर पानीलाई उपचार पोखरीहरुको बन्दोवस्त गराउन, कारखानाका दुषित पानी नदीमा बग्न नदिई त्यसको पनि उपचार पोखरी बनाउन दिन नेमकिपा संघर्ष गर्नेछ। बस्ती नजिक वा बस्तीतिर धुंवा नजाने हिसाबले मात्रै कारखानाहरु स्थापना गर्न स्वीकृति दिने नीति अपनाउनु पर्छ। हाल उद्योगहरुबाट भैरहको प्रदूषण हटाउन एक उच्चस्तरीय जांच आयोग मार्फत कारखाना अन्यत्र सार्ने हो वा प्रदुषण रोक्ने उपायहरुबारे दिइने प्रतिवेदन अनुसार काम गराउन नेमकिपा प्रयत्नशील रहनेछ।

स्वास्थ्य

जनताको साञ्है तल्लो जीवनस्तर, स्वास्थ्य प्रतिको जागरुकताको अभाव र जनस्वास्थ्यबारे आजसम्म सरकारको हेलचक्र्याईंले गर्दा नेपाली जनतालाई कुखुरा बासेर होइन ˝खोकीले उठाउने□ गर्छ। साँचै भनूँ भने तल्लो वर्गका हरेक परिवारमा रोगी नभएको घर हुँदैन।

यसकारण पंचायती सरकारको जस्तो स्वास्थ्यमा जनतालाई ˝न्यूनतम सहुलियत□ को नीति होइन यथोचित वा अधिकतम सहुलियतको बन्दोवस्त गर्ने नीति अपनाउनु पर्छ। त्यसको निम्ति शहर र तराईमा जनसंख्याको घनत्व र पहाडमा दूरीको हिसावले स्वास्थ्य चौकी, स्वास्थ्य केन्द्र र अस्पतालहरुको बन्दोवस्त गराइनु आवश्यक छ।

काठमाण्डौका अस्पतालहरु वीर अस्पताल, प्रसुती गृह, पाटन अस्पताल, वनेपा मिशन अस्पतालमा समेत हुने घुँईचो हेर्दा भईरहेको र पछि हुने बाटो-घाटोको समेत सुविधालाई ध्यान दिई उपत्यका मै भक्तपुरको र अन्य २-३ वटा अस्पताललाई विकास गर्नु पर्नेछ। बढ्दो जनसंख्यालाई हेर्दा उपत्यकामा तत्कालै २-३ वटा प्रसुती गृहको आवश्यकता छ। त्यस्तै काठमाण्डौमा बाहिरबाट आउने रोगीहरुको चापलाई घटाउन अत्याधुनिक साधन र दक्ष चिकित्सकहरु भएको पहाड र तराई, पूर्व र पश्चिममा गरी ४ वटा व्यवस्थित अस्पतालहरु आवश्यक छ। त्यसबाहेक दुर्गम र विकट क्षेत्रमा पनि यथोचित ध्यान दिइनु आवश्यक छ। नेमकिपा यस्ता आवश्यकता पूरा गर्न सक्ने संभावना देख्छ र कार्य पूरा गराउन कम्मर कस्ने छ। सरकारको स्वास्थ्य सेवामा भएको नातावाद, कृपावाद र भ्रष्टाचार हटाई दुर्गम क्षेत्रमा सेवा गर्ने डाक्टर तथा अन्य स्वास्थ्य कर्मीहरुलाई सुविधाको ग्यारेन्टी र थप सुविधा दिई स्वास्थ्य सेवा आजको भन्दा बढी सक्रिय, फलदायी र सेवामूलक गराइनु आवश्यक छ। उपचारलाई सस्तो बनाउन तथा संभावित कुप्रभावबाट रोगीहरुलाई बचाउन चिनीया सियो उपचार विधि (अकुपञ्चर), होमियोप्याथिक, आयुर्वेदिक स्वास्थ्य सेवा जस्तो अन्य स्वास्थ्य सेवाहरुलाई पनि उचित प्रोत्साहन दिइनु पर्दछ।

स्थानीय भाषाको माध्यमबाट जनतालाई रोग, पोषण, सर-सफाई आदि विषयमा ज्ञान दिलाई उपचारात्मक भन्दा प्रतिकारात्मक अर्थात रोगको उपचार गर्नु भन्दा रोगबाट बच्ने उपायहरुमा ध्यान दिलाउने नीति आवश्यक छ। शरीरलाई स्वस्थ राख्न चुरोट, अमल, रक्सी र अन्य पदार्थ सेवन गर्ने खराब बानीलाई रोक्नु पर्दछ र परिवार नियोजन र मातृशिशु कल्याणलाई अझ प्रभावकारी बनाइनु पर्छ। त्यसको निम्ति सार्वजनिक स्थलहरुमा चुरोट वा अमल खान बन्द गर्ने ऐन बनाउने, महिला साक्षरता, प्रौढ र अन्य स्कूलहरुका छात्र-छात्रालाई पनि स्वास्थ्य शिक्षा दिई जनतामा स्वास्थ्य प्रतिको सचेतता बढाउन अभियान चलाउने पक्षमा नेमकिपा संलग्न रहने छ।

विदेशीले ल्याउने एड्स जस्तो प्राणघातक रोगको हवाई अड्डा र अन्य प्रवेश द्वारहरुमा परीक्षण गराइनु पर्छ। जनता-जनतासम्म स्वास्थ्य-बारे सचेत पार्न हजारौं नयाँ स्वास्थ्य कार्यकर्ताहरुलाई नयाँ सेवामा भर्ति गरिनु आवश्यक छ। त्यसले एकातिर सेवा बढ्ने छ र अर्कोतिर ठूलो संख्यामा शिक्षित बेरोजगारी हट्नेछ।

स्वास्थ्य सेवालाई निःशुल्क र स्तरीय बनाउँदै लानको निम्ति हरेक अंचलमा अंचल स्तरीय अस्पताल चालू राख्ने, त्यसको निम्ति आवश्यक मध्यम-स्तरका स्वास्थ्य सेवाको जनशक्ति तयार गर्ने, महाविद्यालयहरु स्थापना गर्ने र चिकित्सा क्याम्पसलाई अझ विस्तृत गराइनु पर्छ र चिकित्सक अध्यापनमा भएको पक्षपात रोक्नु पर्छ।

जलविद्युत

वन र कृषि जस्तै देशको सम्पदा जलश्रोत नै हो। जलश्रोतको उचित उपयोग नहुंदा हरक्षण हरपल देशको लाखौं, करोडौं धन वा शक्तिलाई सित्तै बगाउँदै छौं। नदीलाई नियन्त्रण गर्ने आवश्यक व्यापक योजना

नहुंदा धनजनको ठूलो क्षतिपनि देश र जनताले हरेक वर्ष भोग्न वाध्य छन् । त्यस्ता नदी-नालालाई नेमकिपा सिंचाई, मत्स्य पालन, जलमार्ग र विद्युत श्रोतमा परिणत गर्न चाहन्छ ।

हाम्रो पार्टी देशको यस अति महत्वपूर्ण शक्ति र सम्पत्तिलाई आफ्नै देशको हितलाई प्राथमिकता दिई मित्र राष्ट्रहरुसंग मिलेर देशको मोहडा फेर्न चाहन्छ । विजुलीको प्रचुर उत्पादनलाई पार्टीले छिमेकी देशहरुलाई बेचेर आवश्यक वस्तु आपूर्ति गर्ने, दाउरा, कोइला र तेलको ठाउँलाई विजुलीबाट पूरा गरी वन-विनाश, वायु प्रदुषण र विदेशी मुद्राको ठूलो राशीलाई रक्षा गर्ने नीति अगाडि लैजानु पर्छ भन्ने पक्षमा नेमकिपा छ । साना योजनाहरुलाई जोड दिंदै विद्युत शक्तिको विकासबाट यातायात, उद्योग, कृषि र दैनिक जीवन अर्थात देशको चौतर्फी विकास गराउने पक्षमा छ ।

तर यस्तो महत्वपूर्ण सम्पत्ति र शक्तिलाई कुनै पनि पार्टी वा सरकारले देश र जनताको हित विरुद्ध प्रयोग गर्न नदिने अठोट नेपाल मजदुर- किसान पार्टी गर्छ । यस शक्तिलाई कुनै देशले ठग्न दिनु हुन्न भन्ने विषयमा नेमकिपा सचेत छ । यसकारण पुनः कोशी र गण्डकी जस्ता योजनाहरुमा नेपाल र नेपाली जनताको हितको बलिदान नहोस् भनेरै महकाली नदीको पानी, विजुली र सार्वभौमिकताबारे नेमकिपाले नेपाली कांग्रेस र एमालेको भन्दा भिन्न मत राखेको हो ।

पानी र बिजुलीको असमान वितरणको प्रावधान रहेको महाकाली सन्धीलाई नेमकिपाले राष्ट्रघाती सन्धी ठहर गरेको छ भने सो सन्धीको विस्तृत परियोजना प्रतिवेदन ९मएच्० ६ महिनाभित्र तयार भैसक्नु पर्नेमा आज २ वर्ष नाघिसक्दा पनि विस्तृत परियोजना प्रतिवेदन ९मएच्० तयार नभएकोले नेमकिपा उक्त सन्धि खारेज भएको मान्दछ ।

## न्याय व्यवस्था

पंचायती व्यवस्थाको कालरात्रीमा जनताले न्याय पाउनु कता कता न्यायाधीशहरु स्वयं निष्पक्ष न्याय दिन प्रशासनसंग आतंकित हुनु पर्दथ्यो । विधिको शासन त सपनाको कुरा थियो । न्याय गर्ने न्यायाधीशहरुले अपायक जिल्ला खटिनु पर्दथ्यो अथवा अन्य प्रत्यक्ष वा अप्रत्यक्ष सजायं भोग्नु पर्दथ्यो । न्यायधिशहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको न्यूनताले आ-आफ्नो इज्जत जोगाउन धौधौ पर्दथ्यो । ॅभोकोले के गर्दैन ?□ भन्ने उखान न्यायाधीशहरुलाई पनि लागू हुनु आश्चर्य थिएन । नातावाद, कृपावाद, चाकडी, चाप्लुसीले न्याय प्रशासनलाई सताएको थियो । छोटोमा इमान्दारी, निष्पक्षता, न्यायिक गरीमाको कुनै मूल्य थिएन । बरु त्यो त सरुवा-बढुवाको निम्ति नकारात्मक प्रयास सावित हुन्थ्यो। यसकारण न्यायपालिका स्वतन्त्र राख्न, न्याय प्रशासनमा भइरहका सबै अव्यवस्थालाई समाप्त पार्न वार एसोसियसन र भूतपूर्व न्यायाधीशहरुको एक आयोग मार्फत प्रशासन सुधार गर्न आवश्यक व्यवस्था तुरुन्तै गर्न र विधिको शासनलाई न्याय क्षेत्रमा कडाइका साथ लागू गराउन नेमकिपा सदा अगाडि रहने छ । साथै न्याय प्रशासनका कर्मचारीहरुमाथि पनि ध्यान दिनु आवश्यक छ ।

## परराष्ट्र नीति

हाम्रो परराष्ट्र नीतिको आधार राष्ट्रहरुको स्वतन्त्रता, समानता, आपसी हित, राष्ट्रिय अखण्डता, घरेलु मामलामा अहस्तक्षेप, युद्धबाट होइन छलफलबाट समस्या समाधान गर्ने हुनुपर्छ ।

देशहरु बीचको कटुताभावले अस्थिरता र अशान्तिलाई मात्र निम्त्याउने छ, सहयोग र सद्भावना होइन । यसर्थ विश्वको कुनै पनि भागमा शान्तिमा खलल ल्याउने कुत्सित प्रयास वर्तमान युगमा समग्र विश्वलाई नै प्रभावित पार्ने खालको प्रयास ठहरिने हुनाले त्यसलाई विश्व शान्तिमा समेत खलल ल्याउने कारक तत्वको रुपमा लिइनु पर्दछ । बलियोले निर्धालाई र शक्तिशालीले कमजोरलाई थिचोमिचो गर्ने कुप्रवृति संसारबाट अझै मेटिएको छैन बरु कहीं कहीं बढेकै छ । शान्तिका निमित्त बाधक त्यस्ता प्रवृतिहरु कुनै खास देश वा क्षेत्र विशेषका निम्ति मात्र होइन, समग्र विश्व र मानव जातिकै लागि समेत खतरनाक ठहरिन सक्ने हुनाले त्यस्ता प्रवृतिमाथि अंकुश लगाउनु पर्ने टड्कारो आवश्यकता पनि आफ्नो ठाउँमा छँदैंछ । यसकारण साम्राज्यवाद विरोधी शान्ति आन्दोलनलाई अगाडि बढाउनु पर्दछ ।

नेपालको परराष्ट्र नीति देशको स्वतन्त्रता र सार्वभौकिता जोगाउने खालको, तेश्रो विश्वको पक्षमा शक्ति राष्ट्रहरुको थिचोमिचो, सैनिक शक्तिको दवावको कुटनीति वा आर्थिक नाकावन्दीको विरोधमा लक्षित हुनुपर्छ । ॅसैनिक शक्तिको जवरजस्तीको कुटनीति□ वा ॅतोपे डुँगाको कुटनीति□ जस्ता साम्राज्यवादी र आक्रामक नीतिको नेमकिपा सदा विरोध गरिरहने छ ।

नेमकिपाले देशको मेचीदेखि महाकालीसम्मका सीमा अतिक्रमणको विरोधमा सडक र सदनमा गतिविधि गर्दै आएको छ । सुस्ता, महेशपुर, मेची नदी, तिलाठी र लालापट्टी, महाकालीमा भएको भारतीय अतिक्रमण, कालापानी क्षेत्रमा भारतीय सेनाको उपस्थितिलाई विरोध गर्दै जानेछ । साथै नेपालमा रहेका भुटानी शरणार्थीहरुलाई सक्दो छिटो स्वदेश फर्काउन प्रयास जारी राख्ने छ ।

भूटानी शरणार्थीहरुको निम्ति नेपाल तेश्रो मुलुक हो । तिनीहरुलाई भारतीय प्रहरीहरुले ट्रकहरुमा हाल्दै नेपाल पुऱ्याएका थिए । स्वदेश फर्कन चाहने भूटानी शरणार्थीहरुलाई भारतीय प्रहरीहरुले त्यहाँ नपठाई पुनःनेपाल पठाउने गरेको हुँदा यस समस्याको कारक तत्व भारत नै हो भन्ने हाम्रो ठहर छ । यसकारण भूटानी शरणार्थी समस्या समाधान गर्न भारतको भूमिकालाई अगाडि सार्नु पर्छ भन्ने नेमकिपाको दृष्टिकोण छ ।

## नागरिकता

नेपालका सबै साँचा नागरिकहरुले सुलभ तरीकाबाट नागरिकता पाउनु पर्छ र गैर-नागरिकहरुले नागरिकता पाउनु हुन्न । त्यसको जाँचबुझको निम्ति एक सर्वदलीय छानवीन समितिबाट तयार गरिएको प्रतिवेदन अनुसार छिनोफानो गरिन नेमकिपा लागी पर्नेछ ।

## देशको उत्तरी तथा दुर्गम क्षेत्रको विकास

यातायातको अभावले उत्तरी क्षेत्र सान्है पछि परेको छ । काठमाण्डौमा २ सय रुपैयाले दिने सिमेन्ट डोल्पा पुग्दा ३,०००।- रुपैयां पुग्छ । यसकारण ती क्षेत्रको विकास गर्न यातायातको सुविधामा प्राथमिकता दिइनु पर्दछ । त्यसले रोजगारका नयाँ संभावना खुल्ने छ । हाल १६ जिल्लाको केही ठाउँमा मात्र पशुपालनको विकास गर्न चरण या खर्चको बन्दोवस्त छ, त्यसको संख्यालाई ठूलो परिमाणमा बृद्धि गराइनु पर्छ । कागज र कपास उद्योगलाई विकास गर्नुपर्छ । चामल, नून वा अन्य कोटाहरुलाई घटाउने होइन बरु बढाइनु पर्छ । उत्तरी भेगका दुर्गम क्षेत्रहरुको समुचित विकासको लागि एक अधिकार सम्पन्न अनुसन्धान प्राविधिक टोली खटाइनु पर्छ । हवाई र हेलिकप्टर सेवामा बृद्धि गर्नु पर्छ र तिब्बतसंगको व्यापारलाई खुकुलो पार्नु पर्छ । साथै तिब्बतको समुचित विकासले नेपालको उत्तरी क्षेत्रको आर्थिक विकासमा टेवा पुग्ने हुँदा ताक्लाकोट जस्तै तिब्वतका विभिन्न नाकाहरुसंग सडक जोडिनु पर्छ र बैंकहरुको स्थापना गरिनुपर्छ ।

## लोककल्याण र शैक्षिक बेरोजगारबारे

असहाय, बृद्ध, अपांग, अंधा, बहिरा जस्ता अशक्त जनताको निम्ति आदर निकेतन, असहाय आश्रमको बन्दोवस्त र तिनीहरुको काम-मामको पूर्ण बन्दोवस्त गराइनु पर्छ । यसमा सरकारले विशेष ध्यान दिन लगाउन नेमकिपा जोड दिन्छ ।

वृक्षरोपण, बाटो बनाउने, स्वास्थ्य कार्यकर्ता, प्रौढ स्कूलको शिक्षक, जल विद्युत, नहर, कुलो र अन्य निर्माण कार्यहरु, साइकल, मोटर, रेडियो, घडी, टिभी र अन्य यान्त्रिक सामान मर्मत गर्ने मिस्त्रीहरु र कुटीर तथा घरेलु उद्योगहरुमा लाखौं-लाख देशवासीहरुलाई तालिम र रोजगार दिने नीति नबनाएसम्म लोक कल्याण र विकासमा शैक्षिक बेरोजगार र युवा पुस्ताबाट यथोचित सेवा पुग्ने छैन भन्ने कुरामा नेमकिपा दृढ छ ।

गाउँ गाउँमा निजी ज्यासल चलाउने कामी, दमाई, सिकर्मी, कुम्हाले र अन्य कालीगढहरुलाई ऋणहरु उपलब्ध गराई श्रम र सीपको उपयोग गराइनु पर्छ । नेमकिपा यस कार्यमा सदा प्रयत्नशील रहनेछ । जल श्रोतको धनी देशमा जनतालाई खानेपानीसम्म उपलब्ध नहुनु विडम्वनाको कुरा हो । हाम्रो पार्टी शुद्ध खानेपानीको वन्दोवस्त गराउन प्राथमिकता दिने छ ।

## महिला र बाल अधिकारबारे

संविधानमा महिलाहरुलाई समानताको कुरा समाबेश गर्देमा र ऐनमा उल्लेख हुँदैमा पूँजीवादी व्यवस्थामा समानता प्राप्त हुँदैन । महिलाहरु स्वयं शिक्षित र हक-अधिकारको लागि नउठेसम्म समानताको कुरा पुस्तकभित्रै रहन्छ । त्यसैले नेमकिपा महिला जागरण आन्दोलन र शिक्षामा विशेष जोड दिन्छ ।

महिला समानतालाई सम्पत्तिको हक मात्रै हो भन्ने अर्थमा लिइनु हुन्न । सुकुम्वासी, कमैया,गरिव किसान र सर्वहारा वर्गका महिलाहरुलाई सम्पत्तिको अधिकारको केही अर्थ रहन्न । पुरुष प्रधान समाज र

सामन्ती संस्कारका अशिक्षित र अचेतित महिलाको हातको सम्पत्तिले पारिवारिक कलह र विकृतिलाई टेवा दिने संभावना निराधार छैन ।

महिलाको अलग वर्ग छैन । समाजमा व्याप्त गरीबी, अशिक्षा, रोजगारको अभाव र गिर्दो आर्थिक स्तर नै महिला बेचविखनको कारण हो । महिला बेचबिखनमा दोषी ठहरिएकालाई कडा कारवाही नहुनाले पनि यो अपराध नियन्त्रण भएको छैन । तिलक प्रथा र दाइजो प्रथा जस्ता कार्यलाई निरुत्साहित पार्न, पछाडि परेका महिलाहरुलाई निःशुल्क शिक्षा र गाउँ गाउँमा रोजगारको बन्दोवस्त गर्न नेमकिपा क्रियाशील रहनेछ ।

बाल मृत्युदर सबभन्दा बढी भएको देशहरुको सूचीमा नेपाल पनि पर्दछ । गरीवी, उचित शिक्षा र ज्ञानको अभावमा प्रति वर्ष ७० हजार भन्दा बढी नेपाली बालबालिकाहरु अकालमा मरिरहेका छन् जस्मा ४५ हजार झाडा-पखाला रोगले र २५ हजार निमोनिया, धनुष्टंकार, दादुरा, लहरे खोकी, पोलियो, क्षयरोग, भ्यागुते रोगले मर्छन् । नेपाल मै उपलब्ध औषधी र सबैलाई सेवा पुऱ्याउन सक्ने स्थिति हुँदाहुँदै पनि यति ठूलो संख्यामा बाल-बालिकाको अकाल मृत्यु हुनुमा चांजोपाजो मिलाउन असक्षम सरकारहरु स्वयं दोषका भागी छन् ।

देशका भावी कर्णधारहरुको हक अधिकार निम्ति नेमकिपाले सदनमा प्रतिवद्धतापूर्वक आवाज राख्दै आएको छ साथै बाल श्रम र शोषण, बाल-विवाहको विरोधमा सडकमा पनि आवाज उठाउँदै आएको छ ।

बालबालिकाको उज्वल भविष्य र योग्य नागरिक बनाउन नगर र गाउँहरुमा शिशु शाला र बालोद्यानको संचालनमा प्राथमिकता दिइनु पर्छ भन्ने नेमकिपाको अडान छ ।

शिशुशाला र बालोद्यानको व्यापक प्रसारले एकातिर अपांग नानीहरुको प्रतिशत घट्ने निश्चित छ भने महिलाहरुको ठूलो संख्याले रोजगारको अवसर प्राप्त गर्नेछन् ।

उपभोक्ता

नेपाल मजदुर-किसान पार्टीले बारंबार सदनमा “उपभोक्ता संरक्षण विधेयक” प्रस्तुत गरेको थियो । त्यसैले सरकार उपभोक्ता विधेयक २०५४ ल्याउन वाध्य भयो तर उपभोक्ताहरुलाई अझ सचेत पार्नु आवश्यक छ ।

सचेत उपभोक्ताहहरुले मात्रै विषाक्त तेल, मिसावट र कमसल सामान, म्याद नाघेको औषधी, खानेकुरा र वस्तु तथा कृत्रिम मूल्य वृद्धिको विरोधमा संघर्ष गर्न सक्ने छन् र कालाबजारी, मिसावट गर्ने र नाप-तौलमा ठग्ने व्यापारीहरुलाई अदालतमा उभ्याइ सजाय गराउन सक्ने छन् र क्षतिपूर्ति भराउन सक्ने छन् । यसरी नेमकिपा उपभोक्ता संरक्षण ऐन २०५४ लाई शोभाको वस्तु बन्न नदिन र कडाइकासाथ व्यवहारमा लागू गराउन आगामी दिनहरुमा पनि संघर्षरत रहने छ ।

आचारसंहिता

नेपाल मजदुर-किसान पार्टीका निर्वाचित सांसदहरुले पार्टीको विधान र संसदीय दलको विधानलाई पूर्णरुपले पालना गर्नु पर्नेछ । ˘जसरी भएपनि चुनाव जित्ने□ र संसदमा गएर कुनै पनि रुपको भ्रष्टाचार गर्ने प्रवृत्तिलाई हतोत्साहित गर्नेछ । भ्रष्टाचार विरोधी विधेयक पेश गर्न र गराउन नेमकिपा इमान्दारीपूर्वक लाग्नेछ ।

मानव अधिकार

नेमकिपा देश र विदेशमा भएका सबै मानव अधिकारहरुको हननको विरोध गर्छ र ती सबै ठाउँमा मानव अधिकार वहाल होस् भन्ने चाहन्छ । सं.रा. अमेरिकाले प्रजग कोरिया, समाजवादी क्यूवा, इराक, लिविया आदि तेश्रो विश्वका देशहरुमाथि गरेको आक्रमण, नाकावन्दी र जाति हत्यालाई नेमकिपा मानव अधिकार उल्लंघनको रुपमा लिन्छ । काम, माम, कपडा र शिक्षा पाउने हकलाई पनि नेमकिपा मानव अधिकार क्षेत्रभित्रै मान्छ । आर्थिक स्वतन्त्रता विना मानव अधिकार अपूरो हुन्छ ।

नेपालमा माओवादी ˘जनयुद्ध□ लाई राजनैतिक ढंगले समाधान गर्न प्रतिपक्ष र बुद्धिजीवीहरुले आवाज राख्दा राख्दै पनि बल प्रयोगबाट समाधान गर्न सरकारहरु उद्यत छन् । माओवादी ˘जनयुद्ध□ दबाउने नाममा विपक्षी र सर्वसाधारण सयौं निर्दोष नागरिकहरुको निर्मम हत्या भइरहेको छ । यसबाट विगतका सरकारहरुले मानव अधिकार र क्षतिपूर्ति ऐनलाई केवल देखाउने दाँत बनाइरहेको स्पष्ट छ । नेमकिपा त्यस्को

विरोधमा जनआन्दोलनका भावना र नारालाई व्यवहारमा लागू गराउन दृढताका साथ प्रयास गर्दै जानेछ ।

बहुदलीय प्रजातन्त्र पुनःस्थापना पछिका सरकारहरुमा हिंस्रक प्रवृत्ति प्रदर्शन गर्न नहिच्किचिनु र उक्सिनुको एक कारण जनआन्दोलनका अपराधीहरु माथि कार्वाही नहुनु पनि हो । त्यसैले नेमकिपा मल्लिक आयोगको प्रतिवेदनमा उल्लेख भएका दोषीहरुमाथि कानूनी कार्वाही चलाउन प्रयत्नशील रहनेछ ।

जनताको ज्यूधनको सुरक्षा गर्नु प्रत्येक सभ्य सरकारको प्रथम कर्तव्य हो । तर विडम्वनाको कुरा हो - हिंसा, हत्या र लुट-पातका घटनाहरु उल्लेख्य रुपमा बृद्धि भए । त्यस्तै आत्महत्याका घटनाहरु पनि प्रजातन्त्र पुनःस्थापना पछि बढेको देखियो । हाल सरकारले प्रति व्यक्ति आय १६० अमेरिकी डलरबाट बढेर २०० पुगेको दावा गर्‍यो तर यी नै अवधिमा मुद्रास्फिति कयौं गुणा बढेको तथ्यलाई मात्र लुकाएको होइन दक्षिण पूर्व एसियाको सबभन्दा कम आय भएको तथ्य पनि लुकायो । त्यसले गर्दा निमुखा जनताले प्रजातन्त्रलाई अभिशापको रुपमा लिन थालेका छन् । जनताको घटदो आर्थिक अवस्थाकै कारणले देशमा अपराधका घटनाहरुमा बृद्धि भएको हाम्रो ठम्याई छ । यसरी आर्थिक स्थितिलाई सन्तुलनमा राख्न सरकार असक्षम हुँदा जनताले बाँच्न पाउने अधिकारबाट समेत बंचित हुनु परिरहेको छ ।

नेमकिपा पंचायतकालदेखि नै मौलिक र राजनैतिक अधिकारलाई पहिलो प्राथमिकता दिंदै आएको पार्टी हो । यो अधिकार भनेको मानव अधिकारको सार तत्व हो । त्यसैले यो पार्टी मानव अधिकारको साँचो अर्थमा बहाली गराउन हर हमेशा प्रयत्नशील रहने छ । आगामी दिनहरुमा पनि यी नै अधिकारका लागि सदनदेखि सडकसम्म आफ्नो आवाजलाई घन्काउँदै जानेछ ।

नेमकिपा नौ वाम पार्टी र सरकारबीच भएको २०५५ भाद्र ६ गते भएको सम्झौतालाई लागू गर्न र गराउन संघर्षरत रहने छ ।

जनजाति र भाषाभाषीबारे

देशमा विभिन्न जातजाति र भाषाभाषीहरुको पनि मानव सभ्यता र नेपाली कला संस्कृतिमा महत्वपूर्ण योगदान छ । ती सबै नेपाली फूलबारीका विभिन्न फूलहरु हुन् । यसकारण ती सबैको भाषा, साहित्य र कला-संस्कृतिको विकास गर्न यथोचित ध्यान पुर्‍याउन सरकारले अगुवाइ गर्नुपर्छ भन्ने नेमकिपाको दृष्टिकोण छ । साँचो अर्थमा विकेन्द्रिकरण र स्वायतत्ताको कार्यान्वयनले दुर्गम क्षेत्र, विभिन्न जनजाति र भाषाभाषीहरुको समुचित विकास हुन्छ भन्ने कुरामा नेमकिपा विश्वास गर्छ ।

विविध

नेमकिपा देशमा विज्ञान र प्रविधिको विकास गराउन "विज्ञान तथा प्रविधि प्रतिष्ठान" को सक्रियताको निम्ति जोड दिन्छ र "कृषि अनुसन्धान केन्द्रहरु" लाई अझ प्रभावशाली बनाई त्यसको फल देशभरी फैलाउन चाहन्छ । त्यसकारण हाम्रो पार्टी विज्ञान-प्रविधि मन्त्रालय र कृषि मन्त्रालयलाई अझ जनमुखी बनाउन चाहन्छ देशी र विदेशी गैर-सरकारी संस्थाहरुको छेलोखेलोले समानान्तर अर्थतन्त्र चल्ने खतरा छ । त्यसकारण ती गैर- सरकारी संस्थाहरुलाई एक निश्चित ऐन भित्र राखिनु पर्छ । नेमकिपा यसको निम्ति प्रयत्नशील रहने छ ।

# नेपाल मजदुर-किसान पार्टीलाई मत किन ?

- कमैया, बाँधा, बँधुवा, हरुवा-चरुवा र गोठालोलाई पनि मोहियानी हक दिलाउन र प्रगतिशील भूमिसुधार नीति तयार गराउन ।
- नेपालमै मल कारखाना स्थापना गराउन, वैज्ञानिक खेती र प्राङ्गारिक मलको विकास संगसंगै गराउन ।
- निजीकरण र विश्व ब्यापीकरण (Globalization) को नाउँमा देशलाई साम्राज्यवादीहरुको नव उपनिवेश बन्न नदिन ।
- सत्तासीन पार्टीहरुको भोट बैंक नीतिलाई निर्मूल पार्न र सुकुम्वासीहरुलाई काम-माम र बसोवासको बन्दोवस्त गराउन ।

रु देशका पुरातात्विक र ऐतिहासिक स्मारक र क्षेत्रहरुलाई संरक्षण गर्न तथा देशको पर्यटन उद्योगलाई विकास गर्न ।

रु योग्यतानुसार काम र काम अनुसार ज्यालाको बन्दोवस्त गर्ने समाजवादी वितरण प्रणालीबारे जानकारी दिलाउन ।

रु मजदुरहरुलाई बाँच्न पुग्ने ज्यालाको बन्दोवस्त गराउन र उद्योग वरिपरि नै मजदुर बस्तीको विकास गराउन ।

रु देशको उत्तरी र दुर्गम क्षेत्रसम्म यातायातको विकास गरी नेपाली जनताको जनजीवनलाई एउटै भावधारामा गाँस्न ।

रु शिक्षालाई उत्पादन श्रमसंग मिलाई शैक्षिक वेरोजगारी हटाउन ।

रु धर्म र कला-संस्कृतिलाई देश र जनताको सेवा गराउन ।

रु प्रशासनलाई राजनीतिकरणबाट जोगाउन, भ्रष्टाचारलाई निर्मूल गराई योग्यताको कदर गराउन ।

रु शहर र कारखानाहरुबाट निस्कने दूषित ढलको पानीलाई उपचार गरी शुद्ध बनाउन र ध्वनि र हावाको प्रदुषण घटाउन ।

रु तत्काल स्वास्थ्य उपचार दिन न्यूनतम होइन अधिकत्तम स्वास्थ्य सेवा जनतालाई पुऱ्याउन ।

रु जलश्रोतको विकासमा देश आफ्नै खुट्टामा उभिन दिन, देश विरोधी सन्धि रोक्न र विदेशी ऋणबाट देशलाई जोगाउन ।

रु न्यायपालिकालाई स्वतन्त्र बनाई गरिवलाई छिटो र सस्तो न्याय प्रदान गराउन ।

रु तेश्रो विश्वमा साम्राज्यवादी र प्रभुत्ववादीहरुको नाकावन्दी र हस्तक्षेपको विरोध गर्न, गराउन ।

रु नेपालका सबै साँचा नागरिकहरुलाई सुलभ तरिकाले नागरिकता प्रमाणपत्र दिलाउन ।

रु महिलाहरुलाई श्रम शक्ति प्रदान गराउन, नानीहरुलाई जीउने र स्वस्थ हुने अधिकार दिलाउन, शिशुशाला र बालोद्यान (शिशु स्याहार केन्द्र) बनाउन दिन ।

रु मिसावट, म्याद नाघेको र कृतिम अभाव विरुद्ध उपभोक्ताहरुलाई संघर्षमा उतार्न ।

रु प्राडो र पजेरोको भ्रष्टताबाट जोगाउन, रातो राहदानी दुरुपयोग, खसी-बोका झैं बिक्ने सांसद र पार्टीहरुलाई लाज-गाजले बाँध्न दिन ।

माओवादी र दमनको नाममा नाममा निर्दोष जनताको हत्या रोक्न, मानव अधिकारको उल्लंघन रोक्न लगाउन र ९ वामसंग ६ भाद्रको सम्झौता लागू गराउन ।